**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु**
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा–फटयाङ्ग्रा हुर्कँदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ २४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 june 06 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७४

# बेपत्ता सहकारीमाथि कारबाई प्रक्रिया शुरू

प्रस, वीरगंज, २३ जेठ/

सङ्घ सरकारको निर्देशनमा मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मधेस प्रदेशका आठ जिल्लामा रहेका सहकारीहरूलाई खोजबीन गर्न थालेपछि अधिकांश सहकारी सम्पर्कविहीन भएका छन् ।

मधेस प्रदेशका आठ जिल्लामध्ये बारा, पर्सा, रौतहट र सर्लाहीमा १९२ वटा सहकारी सम्पर्कविहीन भएको सो मन्त्रालयले सार्वजनिक सूचना जारी गरेको छ । २०८० चैतमा ३५ दिनको सूचना प्रकाशन गरी आवश्यक कागजातसहित सर्म्पकमा आउन निर्देशन दिएपछि नियमसङ्गतरूपमा सञ्चालित सहकारीहरू सम्पर्कमा आएको मन्त्रालयले जनाएको छ । अधिकांश सहकारी सम्पर्कमा नआएपछि मन्त्रालयले कारबाई प्रक्रिया अगाडि बढाएको हो ।

बाराका ११२, पर्साका पाँच र रौतहटका ८३ वटा सहकारी सम्पर्कविहीन छन् । सूचनामार्फत यस अवधिमा सम्पर्कमा नआउने सहकारी संस्थाहरूलाई मधेस प्रदेश सहकारी ऐन, २०७९ तथा नियमावली २०० बमोजिम कारबाही प्रक्रिया अघि बढाउने बेहोरासमेतका चेतावनी सूचनामा दिइएको छ ।

प्रदेश सहकारी मन्त्रालयले संस्थाको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, पान नम्बर, विनियमको एक प्रति, लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समितिको तीन पुस्ता, कार्यरत कर्मचारीका सम्पर्क नम्बर, कारोबार गरिरहेको बैंकको चेकको प्रतिलिपि, साधारणसभाको निर्णय, संस्थाको युजर आइडी, पासवर्ड लिएर आउन सबै




सहकारीलाई निर्देशन गरेको थियो तर सो निर्देशन अनुसार पर्साका केही सहकारीहरू अहिले सम्पर्कविहीन अवस्थामा छन् ।

सम्पर्कविहीन सहकारीमध्ये जनहित बचत तथा ऋण सहकारी संस्था रामनगरी, भाथाबाबा सहकारी निचुटा, सूर्योदय बचत तित्रौना, विन्ध्यवासिनी सहकारी श्रीसिया, नागेश्वरी सहकारी विन्ध्यवासिनी, उज्ज्वल सहकारी बिरुवागुठी, हितैषी सहकारी वीरगंज–८, जनजागृत सहकारी जीतपुर–३, जनकल्याण सहकारी वीरगंज–१९, लक्ष्मी सहकारी सबैठवा, ग्रामीण सहकारी सबैठवा, डाँफे सहकारी भवानीपुर, दिव्य सहकारी विरञ्चीबर्वा, न्यू जीवनज्योति सहकारी मुडली, आदर्श सहकारी तित्रौना, हनुमान महाप्रभु सहकारी विन्ध्यवासिनी, श्री कातिले सहकारी झौवागुठी, समाजसुधार सहकारी परशुरामपुर, निदान सहकारी बसडिलवा, कोहीनूर सहकारी वीरगंज–१०, श्री भगवान सहकारी अलौं, विश्वमती सहकारी श्रीसिया, अटल सहकारी देउरवाना, अवतार सहकारी वीरगंज–१२, अरुणोदय सहकारी महुवन, दैनिक बचत सहकारी तित्रौना, जिल्ला कृषि सहकारी महुवन, पृथ्वी सहकारी महुवन, जिल्ला बचत तथा ऋण सहकारी महुवन, द्वारदेवी सहकारी अलौं, नारायणी बचत वीरगंज–८, मनसामाई सहकारी वीरगंज–११, पर्सा बचत सहकारी वीरगंज–१०, जलउपभोक्ता सहकारी बिजवनिया, रिचवे सहकारी महुवन, सुन्दीप प्रकाशपुत्र सहकारी सुवर्णपुर, श्रमजीवी सहकारी वीरगंज–१७, गणेश सहकारी वीरगंज–१३, दीपज्योति सहकारी पटेर्वासुगौली, सुपौली सहकारी सुपौली, शुभलक्ष्मी सेभिङ बहुउद्देश्यीय कोअपरेटिभ वीरगंज, श्रीराम बचत लङ्गडी, रवि बहुउद्देश्यीय सहकारी जीतपुर, शुभकामना सहकारी भेडिहारी, कमर्सियल सहकारी अलौं, गायत्री सहकारी विन्ध्यवासिनी, गगन सहकारी वीरगंज–१८, ओम शिवशक्ति सहकारी वीरगंज–१७, सूर्य बचत सहकारी वीरगंज–१२, सद्भाव कृषि सहकारी विन्ध्यवासिनी, सागर श्रमिक स्वालम्बन उपभोक्ता सहकारी वीरगंज–१६, सृजनशील कर्मचारी सहकारी पोखरिया, वीरगंज बचत तथा ऋण सहकारी वीरगंज–१२, पिरामिड सहकारी पटेर्वासुगौली, किरणभूमि महिला सहकारी महुवन, प्रगति कृषि सामुदायिक सहकारी निचुटा, हाम्रो सहारा बचत वीरगंज–११, सहारा युवा सहकारी वसन्तपुर, दलित उत्थान श्रीसिया, ग्रामीण समाज विकास सम्भौता, चेतना बचत रामगढवा, साझा सहकारी बिरुवागुठी, साझा सहकारी संस्था लि. घुर्मी बहुअरी, सेढवा, धोरे, सुगौली, देउरवाना, पोखरिया, मुडली, महुवन, विन्ध्यवासिनी, गम्हरिया, भवानीपुर, विश्रामपुर, बेलवा, सबैठवा, टिहुकी, लङ्गडी, निचुटा रहेको र यी सहकारीहरूलाई खोजबीनमा राखी प्रदेश सहकारी मन्त्रालयको सूचनापाटीमा टाँस गरिएको छ ।

# साढे छ वर्षपछि मधेसमा जसपाको सरकार ढल्यो

तस्वीरः फाइल



प्रस, वीरगंज, २३ जेठ/

मधेस प्रदेशसभामा मुख्यमन्त्री सरोजकुमार यादवले बुधवार राति विश्वासको मत पाउन सकेनन् ।

यससँगै मधेसमा साढे छ वर्षपछि जसपा नेपाल नेतृत्वको सरकार ढलेको छ । जनमतको नेतृत्वमा सरकार गठनका लागि एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीको गठबन्धन अघि बढ्ने तयारी गरेको छ । गत वैशाख ३० गते एमाले र माओवादी केन्द्रले सरकार छाड्दै समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव अल्पमतमा परेका थिए । साथै जनता समाजवादी पार्टी टुक्रिएको आज ३० औं दिन मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने अन्तिम कार्यसूची थियो ।

आज बिहान उनले आफू अस्वस्थ भएको समाभुख रामचन्द्र मण्डललाई जानकारी गराउँदै विश्वासको मत जेठ २८ गते राख्न अनुरोध गरे पनि सभामुखले सो प्रस्ताव अस्वीकार गर्दै आज रातिसम्म भएपनि विश्वासको मत लिनुपर्ने रुलिङ गरेका थिए । सोही अनुसार आज साँझ भएको मतगणनामा विश्वासको मतको प्रस्तावको पक्षमा ५० मत पऱ्यो भने विपक्षमा ५३ मत परेको छ । बहुमतका लागि १०७ सदस्यीय मधेस प्रदेशमा ५४ मतको आवश्यकता पर्छ ।

आज प्रदेशसभामा १०३ सांसद उपस्थित थिए । मुख्यमन्त्रीलाई उनको दल जसपा नेपाल, नेपाली काङ्ग्रेस, लोसपा र राप्रपाले विश्वासको मत दिएका थिए । विपक्षमा एमाले, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीले मतदान गरे ।

(बाँकी पाँचौं पातामा)

# परवानीपुरको सडक पोखरीमा परिणत, विवाद सुल्झिएन

तस्वीरः प्रतीक



प्रस, परवानीपुर, २३ जेठ/

वीरगंज–२१ परवानीपुरबाट पटेलनगर जाने सडकखण्डमा वर्षात्को पानी जम्दा बाटो अहिले हिलाम्य भएको छ ।

२०७४ देखि वडाध्यक्ष दुईजना परिवर्तन भए तापनि हालसम्म बाटोको विवाद सुल्झिन नसक्दा सो बाटो मरम्मत सम्भार एवं कालोपत्र हुन सकेको छैन । सडक चौडा गर्ने विषयमा स्थानीय नागमणि उपाध्याय र खेदु महतो धानुकबीचमा जग्गाको विवाद सिर्जना हुँदा सो ठाउँमा साइट क्लियर हुन नसकेको हो । जसले गर्दा परवानीपुरबाट पटेलनगरसम्म तीन किलोमिटर सडकखण्ड कालोपत्र गर्न ठेक्का पाएको पप्पु कन्स्ट्रक्शनले सडकखण्डको आधा डेढ किलोमिटर मात्र कालोपत्र गरेको छ । कालोपत्र नभएपछि सडक हिलाम्य हुँदा सो सडक भएर दैनिक आवतजावत गर्ने सयौं यात्री मर्कामा परेका छन् ।

परवानीपुरका बासिन्दा अजीत कुशवाहाले सो बाटोको विवाद सहमतिमा टुङ्ग्याएर भएपनि स्थानीयवासीलाई सहज बनाउनुपर्ने सुझाव दिन्छन् । उनले वडाध्यक्ष, वडासदस्य तथा सो ठाउँका जग्गाधनीहरूको उदासीनताका कारण लिपनीबिर्ताबाहेकका स्थानीयले सास्ती भोग्नुपरेको बताए । केही स्थानीयले वीरगंज महानगरपालिकाको परवानीपुरको सडक पोखरी बन्यो भन्दै सामाजिक सञ्जालमा तस्वीरसहितको आलोचनात्मक अभिव्यक्ति पनि राखेका छन् ।

यस विषयमा वडाध्यक्ष राधाकृष्ण रौनियारले आफूले पटकपटक अमीन बोलाएर जग्गा नापजाँच गराइ सडक क्लियर गराउन खोज्दा वरपरका जग्गाधनीबीच सहमति हुन नसक्दा सडक कालोपत्र हुन नसकेको बताए । उनले विवाद सुल्झाएर सडक कालोपत्र गर्न प्रयास गरिरहेको बताए ।

# पटेलनगरका छाला उद्योगले जथाभावी छाला फाले

प्रस, परवानीपुर, २३ जेठ/

वीरगंज–२१ पटेलनगरस्थित सञ्चालनमा रहेका केही छाला उद्योगले खुलारूपमा काँचो र सुक्खा छाला फ्याँक्दा प्रदूषण फैलिने गरेको एवं भुस्याहा कुकुरले उक्त छाला खाँदा बौलाएर बाख्रा, गाईवस्तुलाई टोक्ने गरेको गाउँलेले गुनासो गरेका छन् ।

छाला उद्योगको कम्पाउन्ड वाल

(बाँकी पाँचौं पातामा)

तस्वीरः प्रतीक



# विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण

प्रस, वीरगंज, २३ जेठ/

'हाम्रो भूमि हाम्रो भविष्य' नाराका साथ विश्व वातावरण दिवसको



तस्वीरः प्रतीक

अवसरमा वीरगंज महानगरपालिकाले बुधवार ज्येष्ठ नागरिक पार्क लक्ष्मणवा परिसरमा वृक्षारोपण गरेको छ ।

वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेल, ज्येष्ठ नागरिक मधेस प्रदेश संयोजक जगदीशप्रसाद शर्मा, पूर्व वन अधिकृत रामानन्द कुर्मी, रामप्रसाद पण्डित, उदयराज शर्मा, आशा गौतमलगायतले परिसरमा दुई सयवटा बिरुवा रोपेका थिए ।

कार्यक्रममा सहभागीहरूले वातावरण जोगाउने सरल एवं सहज उपाय वृक्षारोपण मात्र रहेको बताएका थिए । वृक्षारोपण गरेर मात्र हुँदैन, यसको संरक्षणमा जोड दिनुपर्ने ज्येष्ठ नागरिक सङ्घ, पर्साका सचिव विनयराज गौतमले बताए ।

यसैगरी, विश्व वातावरण दिवसको अवसरमा वीरगंज महानगरपालिका–१५ भिस्वा डाँडा परिसरमा वृक्षारोपण गरिएको छ । वीरगंजस्थित भारतीय महावाणिज्य दूतावास र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रद्वारा आयोजित कार्यक्रममा विभिन्न प्रजातिका दुई सयवटा बिरुवा रोपिएका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत डिएस मीणा, केन्द्रका अध्यक्ष जयप्रकाश खेतान, सहायक प्रजिअ सानुबाबू अधिकारी, उत्तमकुमार घिमिरे, नेपाल प्रहरी, सेना, सशस्त्र प्रहरी र विद्यार्थीहरूले वृक्षारोपण गरेका थिए ।

यसैगरी, विश्व वातावरण दिवसको अवसरमा प्रकृति सेवा प्रतिष्ठान वीरगंजले जनचेतनामूलक साइकल ऱ्याली र वृक्षारोपण गरेको छ ।

नेपाल राष्ट्रिय विद्यापीठ मावि, श्रीपुरबाट निकालिएको साइकल ऱ्यालीले नगरपरिक्रमा गरेको थियो ।

यसैगरी, नेराविमावि र सिद्धार्थ माविमा वृक्षारोपण गरिएको प्रकृति सेवा प्रतिष्ठानका अध्यक्ष जसपाल सिंहले बताए । कार्यक्रममा अनिल बेरिवाल, अशोक मिश्र, रामु तामाङ, प्रवेश डङ्गोल, अविनाश झालगायत शिक्षक,

तस्वीरः सौजन्य



विद्यार्थीहरूको सहभागिता थियो ।

*प्रस, पोखरिया/*

आसमान नेपालले रजत जयन्तीको अवसरमा साताव्यापी कार्यक्रम अन्तर्गत बुधवार वृक्षारोपण गरेको छ ।

विश्व वातावरण दिवस तथा रजतजयन्तीको अवसरमा साताव्यापी कार्यक्रमको छैटौं दिन वृक्षारोपण गरिएको आसमान नेपालका धर्मेन्द्र चौरसियाले बताए । जीराभवानी गाउँपालिका–१ वसन्तपुरस्थित नेरामावि कटकुइयामा वृक्षारोपण गरिएको थियो ।

गापा उपाध्यक्ष रेखा चौधरीको प्रमुख आतिथ्य र प्रअ कृपासिन्धु पटवारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत शिवराज फुयाँल, आसमान नेपालका सुरेश ठाकुर, मनोज साहलगायतको सहभागिता थियो ।



**विचारसार एवं सूक्तिहरू**

**कुनै पनि मानिसमा गुण पनि हुन्छ र दुर्गुण पनि। खोज्ने मानिसमा निर्भर गर्छ, उसले के चाहेको हो।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# पत्रकार महासङ्घको अधिवेशन

**नेपाल पत्रकार महासङ्घले यही जेठ २६ गते देशभर अधिवेशन गर्नेगरी तयारी गरे पनि सदस्यता विवादका कारण निर्धारित समयमा अधिवेशन हुने कुरामा आशङ्का छ। महासङ्घको २७औं महाधिवेशनले दिएको म्यान्डेड अनुसार केन्द्र, प्रदेश र जिल्लाको एकसाथ निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यता छ। केन्द्रमा पदाधिकारीसहित ५२ पदको लागि चुनावी भिडन्त हुन गइरहेको छ। गत निर्वाचनमा नेपाली काङ्ग्रेस, माओवादी केन्द्र, नेकपा (एस) र जसपा नेपालबीचको सत्ता गठबन्धनका कारण सो पार्टीआबद्ध प्रेस युनियन, प्रेस सेन्टर, प्रेस सङ्गठन, मञ्चबीच निर्वाचनमा एकता भएको थियो। तर अहिले एमाले, माओवादी केन्द्र, नेकपा (एस) बीच नयाँ सत्ता समीकरण भएपछि हुन गइरहेको महासङ्घको निर्वाचनमा नेपाल प्रेस युनियनलाई बाहिर राखेर प्रेस चौतारी र प्रेस सेन्टरबीच गठबन्धन हुने आशङ्काका कारण अहिले नेपाल प्रेस युनियन भने महासङ्घको चुनाव केही महीनाका लागि पछि धकेल्ने रणनीतिमा छ। जबकि पत्रकार महासङ्घको इतिहासमा जनान्दोलन २०४६ पछि तोकिएकै समयमा अधिवेशन हुँदै आएको छ। प्रेस चौतारी र प्रेस सेन्टर मिल्ने सम्भावनासँगै युनियन नेकपा समाजवादीनिकट समाजवादी प्रेस सङ्गठन, जसपानिकट पत्रकार मञ्च, राप्रपा निकट राष्ट्रवादी पत्रकार, राजमोनिकट प्रगतिशील पत्रकार सङ्गठन, विप्लवनिकट पत्रकार सङ्गठनसँग चुनावी मोर्चाको तयारीमा छ।**

**आम पत्रकारको स्वतन्त्र साझा सङ्गठनको रूपमा रहेको भनिए पनि नेपाल पत्रकार महासङ्घको नेतृत्वका लागि राजनीतिक दलको ओत लागेका व्यक्ति मात्र निर्वाचित हुने गरेका छन्। यसपटक पनि राजनीतिक दलका नेतासँगको हिमचिम, पहुँच र प्रभावका भरमा नेतृत्वमा जाने होडबाजी यथावत् छ। उम्मेदवारीमा हुने छिनाझप्टी, तानातानका कारण पत्रकारहरूको स्वतन्त्र छाता सङ्गठनको चरित्र गुम्दै गइरहेको छ। टिकट हात पार्ने घीनलाग्दो खेल र मतदानमा सामेल हुने अधिकांश गैरपत्रकारका कारण नेपाल पत्रकार महासङ्घको भविष्य सुखद देखिँदैन। पत्रकारको चुनावमा दलीय सिन्डीकेटको चर्को दबदबाका कारण व्यावसायिक एवं स्वतन्त्र पत्रकारले महासङ्घको सदस्यता त्याग्ने अभियान अब शुरू नहोला भन्न सकिन्न। पत्रकारको चुनावमा उठ्नका लागि राजनीतिक दलआबद्ध पत्रकारको भ्रातृ सङ्गठनप्रति प्रतिबद्ध नभई स्वतन्त्र र वास्तविक श्रमजीवी पत्रकारले कुनै हालतमा महासङ्घमा प्रवेश पाउन सक्ने अवस्था छँदैछैन भने पनि हुन्छ। विगतमा महासङ्घमा विजयीको अनुहारले पनि यस कुराको पुष्टि गर्छ।**

**आम पत्रकारको छाता संस्था भनिने महासङ्घमा नेताको खल्तीबाट टिकट लिने र ह्वीपका आधारमा मत हाल्ने परिपाटीका कारण स्वतन्त्र पत्रकार महासङ्घको घेराबाहिर पर्ने जोखिम विद्यमान छ। अहिलेसम्म महासङ्घमा बाइलाइन समाचार लेख्नेभन्दा नेताहरूको लाइनमा बसेर समाचार लेख्ने पत्रकारहरूको वर्चस्व रहँदै आएको छ। विभिन्न पेशा, व्यवसायमा संलग्न गैरपत्रकारलाई सदस्यता बाँड्ने विकराल [redacted] कारणले बढेको हो। पत्रकारका [redacted] ने मान्यताको विकास हुनै सकेको [redacted] हुन्जेलसम्म महासङ्घमा देखिएको [redacted] देखिँदैन। नेताको पछि लागे मात्र [redacted] रै अधिकांश पत्रकार नेताहरूको [redacted]**

# भारतको भव्य निर्वाचन

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**विश्वको पाँचौं अर्थतन्त्रबाट आगामी पाँच वर्षभित्र तेस्रो अर्थतन्त्र बन्ने दिशातिर अग्रसर मानिएको भारतीय लोकसभा चुनावले यसै कारण पनि विश्व्यापी चर्चा पाउने गरेको छ। भनिन्छ, भारतीय लोकसभा चुनावले विश्वकै लोकतन्त्रको सम्मान बढाउने गरेको छ।**

भारतलाई विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देश मानिन्छ। एक सय चालीस करोड जनसङ्ख्या रहेको भारतमा सय करोडभन्दा बढी मतदाता छन्। भूगोलको दृष्टिकोणले पनि विशाल र विविधताले भरिपूर्ण विशाल देश भारतमा लोकसभाको निर्वाचन विश्वकै लागि एउटा दर्शनीय पर्व हो। लोकतन्त्रप्रति आस्था राख्ने विश्वका हरेक बौद्धिक व्यक्तित्वको लागि भारतको निर्वाचन पर्व हुने गरेको छ। भारतको लोकसभाको निर्वाचनको प्रत्यक्ष दर्शन गर्ने चाहना धेरैको हुन्छ। यदि प्रत्यक्ष दर्शन सम्भव हुँदैन भने आजको युग त प्रविधिको युग हो। प्रविधिमैत्री मिडियाले सबै खबरलाई महत्त्व दिइरहेको हुन्छ। नागरिकको रुचिलाई मिडियाले निरन्तर पस्किइरहेको हुन्छ। यसले गर्दा भारतीय चुनावलाई प्रत्यक्ष हेर्न नपाए पनि विभिन्न सञ्चार माध्यमले भने हेरिरहेका हुन्छन्। स्वतन्त्र भारतको मिडियालाई पनि निकै शक्तिशाली मानिन्छ। यस कारण मिडियाप्रति जनताको विश्वास छ र मिडियाले पनि दर्शकको विश्वास आर्जन गरिरहन निरन्तर प्रयास गरेको देखिन्छ।

विशाल देश र मतदाता पनि अत्यधिक रहेको कारण निर्वाचनको व्यवस्थापन निकै महत्त्वपूर्ण रहन्छ। सम्भवतः यसैले भारतमा निर्वाचन प्रक्रिया केही लामो हुन्छ। विभिन्न चरणमा मतदान हुन्छ। यसपटक भारतमा सात चरणमा मतदान भएको छ। भारतमा यसपटकको निर्वाचनमा करीब पचपन्न लाख इभिएम उपयोग गरिएको छ। इभिएम भनेको विद्युतीय मतपत्र हो। यसलाई इलेक्ट्रोनिक भोटिङ मशीन भनिन्छ। कागजको मतपत्रलाई इभिएमले विस्थापित गरिसकेको छ। यो निकै विश्वसनीय मानिन्छ। हुनत केही शङ्का उपशङ्का पनि थियो तर भारतको सर्वोच्च अदालतले निर्वाचनमा इभिएमको उपयोग गर्ने निर्णय दिएको थियो। इभिएमले मतदान सजिलो र मतगणना झन् सजिलो बनाइदिएको छ। एकै दिन करीब सम्पूर्ण मतगणना सकिने व्यवस्था हुनु निकै महत्त्वपूर्ण विषय हो। बिहानदेखि शुरू भएको मतगणनाको अन्तिम नतीजा साँझसम्म आउनु यसको विशेषता हो। चुनावमा विद्युत् र विद्युतीय मेशीनको प्रयोग बढिरहेको छ भन्ने कुरालाई भारतको निर्वाचनले पनि स्पष्ट पार्न सकेको छ।

भारतको यस वर्षको लोकसभा निर्वाचनको क्रममा उत्तर भारतमा मौसम निकै प्रतिकूल बनिसकेको थियो। निर्वाचनको केही दिन पहिलेदेखि नै गर्मीका कारण अवस्था दुष्कर बनेको थियो। चुनाव जति नजीकिँदै थियो, गर्मी पनि बढिरहेको थियो। भारतीय मिडियाका अनुसार निर्वाचनमा खटेका केही कर्मचारीको मृत्यु पनि भएको थियो। चुनावमा खटेका कर्मचारीको मृत्यु नै हुनेगरी प्रतिकूल मौसम हुँदा पनि भारतको निर्वाचन अन्य कुनै कारणले बाधित हुन सकेन। सबै निर्वाचन तोकिएकै समयमा पूरा भयो र निर्वाचन परिणाम पनि घोषणा भइसकेको छ। एक हिसाबले निर्वाचनको परिणाम घोषणा भइसकेपछि निर्वाचन प्रक्रिया पूरा भएको मानिन्छ। सामान्यतया विश्वव्यापी अवधारणा यही रहेको छ कि निर्वाचनको परिणाम घोषणा भएर निर्वाचित जनप्रतिनिधिले प्रमाणपत्र प्राप्त गरेपछि निर्वाचन वैध भएको मानिन्छ। पर्यवेक्षकहरू तथा स्वतन्त्र विश्लेषकहरूले विचार गर्ने पक्ष पनि यही रहन्छ कि निर्वाचन प्रक्रिया शान्तिपूर्ण र निर्वाचित जनप्रतिनिधिले निर्वाचित भएको प्रमाणपत्र पाए।

निर्वाचन कुनै पनि लोकतान्त्रिक व्यवस्थाको प्राण हो। निर्वाचनले लोकतन्त्रलाई बलियो बनाउँछ। लोकतन्त्रमा जनताको सहभागिता रहन्छ। बालिग मताधिकार प्रयोग गरेर जनताले आफ्नो प्रतिनिधि चयन निर्वाचन प्रक्रियामार्फत नै गर्छ। मतपत्रमार्फत आफ्नो अभिव्यक्ति दिन्छ। गोप्य मतदान प्रक्रियाले लोकतन्त्रमा हरेक व्यक्तिको स्वतन्त्रता र गोपनीयता सुरक्षित रहन्छ। सामूहिक सभा, जुलुस, प्रचारप्रसार खुला गर्न पाइन्छ, तर मतदान भने गोप्य हुन्छ। विश्वको मान्यता नै यही हो कि मतदाता, निर्धारित मतदान केन्द्रसम्म पुगेर आफ्नो विवेकले मतदान गरोस्। अनेक उम्मेदवारमध्ये योग्यतम उम्मेदवार वा बहुदलीय प्रणाली भएको अवस्थामा दलको चिह्नमा मतदान गरेर आफ्नो प्रतिनिधि छान्दछ। प्रतिनिधि छान्नु भनेको आफ्नो अधिकार तिनलाई सुम्पेर तिनीमार्फत आफूले शासन गर्नु हो। अथवा तिनले गरेको शासनमा आफ्नो छवि देख्नु हो।

भारतको लोकतन्त्र परिपक्व भइसकेको, चुनावले देखाएको छ। केही छिटफुट घटनाबाहेक भारतमा चुनाव शान्तिपूर्ण सम्पन्न भएको छ। शान्तिपूर्ण र मर्यादित चुनावले पनि लोकतन्त्र र लोकतान्त्रिक संस्कारलाई देखाउँछ। चुनावभन्दा पहिले, मुख्यगरी, मिडियाहरूमा जसरी बहस हुन्थ्यो, जसरी चर्काचर्की हुन्थ्यो, जसरी आरोप-प्रत्यारोप हुन्थ्यो, त्यस्तो देखिएन। चुनावको समयमा जहाँजहाँ ठुला नेताहरू पुग्दथे, त्यहाँत्यहाँ मानिसको भीड गज्जबको देखिन्थ्यो। भीड देखेर कसको सरकार बन्दैछ वा कुन पक्ष बलियो छ भन्ने अनुमान लगाउन सजिलो थिएन। चुनावको नतीजा पनि करीब यस्तै आएको छ। कुनै एक दलको यसपटक बहुमत आएको देखिएको छैन तर पनि संसद्मा प्रधानमन्त्री नरेन्द्र मोदीको दल भारतीय जनता पार्टी (भाजपा) सबैभन्दा ठूलो दल बनेको छ। निर्वाचन अघि भइरहेको अत्यन्त तातो बहस निर्वाचनपछि करीब सेलाएको छ। बहस, छलफल, तर्क-वितर्क पनि लोकतन्त्रमा आवश्यक हुन्छ, तर स्वस्थ र तार्किक बहस हुनुपर्छ।

भारतीय चुनावमा जनताको सहभागिताको विशेष महत्त्व हुन्छ। ठूला प्रदेशहरू पश्चिम बङ्गाल, बिहार र उत्तर प्रदेश विशेष चर्चामा छन्। देशको राजधानीसमेत रहेको दिल्लीको नतीजा गज्जबको देखियो। प्रदेशसभामा मुख्यमन्त्री अरविन्द केजरीवालको आम आदमी पार्टी (आप)को विशाल बहुमत छ, दुई तिहाईभन्दा बढी नै बहुमत ,छ शायद। तर लोकसभा निर्वाचनमा भने सम्पूर्ण सिट भाजपाले पाएको छ। यो मतदाताको परिपक्वता हो। प्रदेशको नेतृत्व कसलाई र केन्द्रको नेतृत्व कसलाई दिंदा राम्रो हुन्छ भन्ने कुरा मतदाताले विचार गरिरहेका हुन्छन्। मतदाताले आफूलाई उपयुक्त लागेको पात्र वा दल चयन गर्दछ। कुरो सबैको सुन्ने तर मत आफूखुशी दिने कुरामा भारतीय मतदाता गम्भीर रहेको देखिन्छ।

निर्वाचनको परिणाम सबैलाई सहज स्वीकार्य हुन्छ। मतदान सम्पन्न भइसकेपछि र निर्वाचनको परिणाम आउनु अघिको अवधिमा राजनैतिक दलका नेता तथा कार्यकर्ता, बुद्धिजीवी, विश्लेषक तथा पत्रकारहरूले गरेको आपसी बहस पनि कम रोचक हुँदैन। चुनावमा उठाइएका मुद्दा, मतदाताले देखाएको उत्साह तथा सबैको अनुमान गज्जबले सार्वजनिक हुने गरेको छ। भारतमा एक्जिट पोल सार्वजनिक गर्ने चलन पनि रहेको छ। केही मिडियाले आफैंले तथा केही संस्थाहरूले बुथमा मतदान गरेर बाहिर निस्केका मतदातासँग विभिन्न प्रश्न सोधेर मत कसलाई दिएको भनी जान्न चाहन्छन्। यही वा यस्तै अन्य आधारमा निर्वाचन परिणामको पूर्वानुमान लगाइन्छ। तर मतदाता कति परिपक्व भइसकेको छ भने मनको कुरो बताउँदैन ? गोप्य मतदानको गोप्यता तुरुन्त सार्वजनिक गर्न नचाहने इच्छा मतदाताको हुन सक्छ। अनि मतदाताले कूटनैतिक जवाफ दिन सक्छ। यद्यपि अधिकांश दलले अपेक्षा गरेभन्दा केही फरक नतीजा आएको विश्लेषण भइरहेको छ। नतीजा आइसकेपछि सबैले स्वीकार गर्नु भारतीय लोकतन्त्रको विशिष्टता हो।

विश्वको पाँचौं अर्थतन्त्रबाट आगामी पाँच वर्षभित्र तेस्रो अर्थतन्त्र बन्ने दिशातिर अग्रसर मानिएको भारतीय लोकसभा चुनावले यसै कारण पनि विश्व्यापी चर्चा पाउने गरेको छ। भनिन्छ, भारतीय लोकसभा चुनावले विश्वकै लोकतन्त्रको सम्मान बढाउने गरेको छ।

# महामारीका रूपमा फैलिंदैछ तनाव

**विचार**



एलपी भानु शर्मा

**हरेक व्यक्ति ब्रह्माण्ड हो, यसको जन्म अरूलाई हराउन होइन, जिताउन सक्छु भन्नेमा ध्यान जानुपर्छ। आफूभित्रकै क्षमता जागृत गरी प्रत्येक व्यक्तिले प्रगति गर्न सक्छ। कसैसँग प्रतिस्पर्धा गरिरहनु नै पर्दैन। ईर्ष्या, वैमनष्य नराखी आफ्नो क्षमता उपयोग गर्न सकिएमा तनाव स्वतः कम हुन्छ।**

विश्वका अनेक प्राणीहरूमध्ये मानव जाति चेतनशील र सामाजिक प्राणी भएपनि यसभित्र उत्पन्न हुने तनावले सबैभन्दा बढी समस्याग्रस्त बन्दै गएको छ। तनावले मानसिक स्वास्थ्यसँगै शारीरिक स्वास्थ्यमा पनि निकै असर गर्छ। समयमा तनाव व्यवस्थापन नगर्नाले हाम्रा दैनिक जीवनमा धेरै असहज अवस्था आउन सक्छन्। तनावलाई विश्वकै ठूलो महामारीका रूपमा लिने गरिएको छ। मानिसलाई जस्तोसुकै रोगहरू पनि लाग्न सक्छन्, त्यसको समयमैं उपचार हुन सके निको पनि हुन्छ तर तनाव आएपछि सजिलैसँग त्यसबाट मुक्ति पाउन सकिँदैन।

विश्व स्वास्थ्य सङ्गठनले तनावलाई जटिल स्वास्थ्य समस्याका रूपमा लिएको छ। तनावमा रहेको व्यक्तिले न राम्ररी सोच्न सक्छ, न बोल्न नै। यसका कारण उसको अरू व्यक्तिसँगको सम्बन्ध पनि बिग्रँदै जान्छ। त्यसैले अहिले मानिसको सबैभन्दा ठूलो समस्या भनेकै तनाव हो। मानिसको शरीरमा लाग्ने रोगहरूमध्ये ७० देखि ९० प्रतिशत रोगहरू तनावकै कारण लाग्ने गर्छन्। तनावकै कारण ससाना व्यक्तिगत समस्यादेखि विश्वमा ठूलाठूला युद्ध, आतङ्कवादी घटनाहरू हुने गरेका छन्। तनावको समस्या पहिल्याउनु नै अहिलेको मुख्य चुनौती बनेको छ।

पश्चिमा देशहरूले तनाव व्यवस्थापनका लागि थुप्रै कार्यक्रम ल्याएका छन्। अमेरिकामा कुनै एउटै संस्थाले ४० वर्षको बजेट बराबर खर्च गर्ने नभएर कुल तनाव व्यवस्थापनमा निजी क्षेत्रले गर्ने रकम नेपालको बजेटको ४० गुणाभन्दा बढी हुन्छ तर परिणाम शून्य छ। त्यसैले तनाव व्यवस्थापन खर्चिलो मात्र नभई समस्याको निदान नहुने भएकाले यसबाट पहिले नै सतर्क हुन आवश्यक छ। मानिसले आफ्नो दैनिक बानीमा केही परिवर्तन गर्नाले तनाव कम गर्न मदत पुग्न सक्छ।

**तनावका मुख्य कारण**

आज हरेक व्यक्ति कुनै न कुनै तनावबाट ग्रस्त छ। तनावको मूल कारण जीवनमा जुन परिवर्तन आएको छ, त्यसलाई आत्मसात् गर्न नसक्नु हो। समय क्षणक्षणमा बदलिएको छ तर हामी पुरानो सोच र आग्रहबाट ग्रसित छौं। जसले गर्दा तनाव सृजना हुने गर्छ। मानवजीवनको मूल लक्ष्य भनेकै खुशी हुनु हो। खुशी हुन नसक्नु तनावमा जानु हो।

धेरै डिजिटल उपकरणको प्रयोग गर्नु, निरन्तर रक्सी पिउनु, धेरै क्याफिन उपभोग गर्नुले पनि मानिसको जीवनमा थप तनाव ल्याउने गर्छ। अर्को कुरा मानिसले समयको सही सदुपयोग गर्न नसक्दा पनि तनाव सृजना हुने गर्छ। अर्काको ईर्ष्याले पनि तनाव सृजना गर्छ। मानिसमा ईर्ष्या भावले गर्दा सम्बन्धमा दरार आउने गरेको छ। ईर्ष्यामा अरूलाई दबाउन खोजिन्छ। अरूभन्दा धनी कसरी बन्ने, म नै राम्रो हुँ भन्ने भाव बढ्नु उपभोक्तावादी र प्रतिस्पर्धात्मक संस्कारको उपज हो।

**तनाव व्यवस्थापनका उपाय**

तनाव व्यवस्थापन गर्ने एउटा राम्रो उपाय भनेको अध्यात्म हो। अध्यात्मलाई ध्यान र योगसँग जोड्न सकिन्छ। जीवनमा आएका चुनौतीहरूको समाधान गर्न सक्ने क्षमता घट्न गएमा तनाव हुने गर्छ। जस्तो भनौं कि कुनै चुनौती हाम्रा अगाडि आयो, त्यसलाई एक सय अङ्क दियौं। त्यो चुनौतीको सामना गर्न सक्ने हामीसँग ४० बराबरको क्षमता छ भने नपुग ६० अङ्क भनेको तनाव हो। त्यसैले ६० अङ्कलाई घटाउन हाम्रो क्षमतालाई बढाउँदै लैजानुपर्छ। जति मात्रामा बढाउँदै लैजान सकिन्छ, तनाव त्यति नै घट्दै जान्छ। परिस्थितिलाई बदल्न सकिँदैन, तर मनस्थितिलाई बदल्न सकिन्छ। जीवनमा चुनौतीहरू आइरहन्छन्, त्यसलाई तनावका रूपमा लिने होइन, त्यसको समाधानका लागि हामीले हामीभित्र रहेको क्षमतालाई बढाउँदै लैजानुपर्छ। 'म गर्न सक्छु' भन्ने आत्मविश्वास जागृत भएमा जस्तोसुकै चुनौती पनि सजिलै समाधान गर्न सकिन्छ। त्यसलै मानिसभित्र जीवनको बोध हुनुपर्छ। शरीर, मन र चेतनालाई दुरुस्त राख्नुपर्छ। शरीरलाई ऊर्जाशील र स्वस्थ बनाइराख्नुपर्छ।

मानिसको शरीरमा इन्डोर्फिन रस नामक हर्मोन जन्मन्छ, यो जति बढी

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# सफा हिमाल अभियानः पाँच वर्षमा १०८ मेट्रिकटन फोहर र १२ शव झिकियो

काठमाडौं, २३ जेठ/रासस

नेपाली सेनाको अगुवाइमा सञ्चालित ‘सफा हिमाल अभियान’बाट पाँच वर्षको अवधिमा सर्वोच्च शिखर सगरमाथासहित




प्रमुख हिमालबाट १२ शव र १०८ मेट्रिकटन फोहर सङ्कलन गरिएको छ। नेपालमा रहेका हिमालको स्वच्छता कायम राख्ने उद्देश्यले सन् २०१९ देखि शुरू भएको अभियानका क्रममा हालसम्म चारवटा अस्थिपञ्जर सङ्कलन गरिएको सेनाले जनाएको छ।

सन् २०२४ मा सञ्चालित अभियान अन्तर्गत विभिन्न हिमालबाट ११ मेट्रिकटन फोहर, चारवटा शव तथा एउटा अस्थिपञ्जर सङ्कलन तथा व्यवस्थापन गरिएको छ। सगरमाथा, ल्होत्से र नुप्से हिमालका विभिन्न स्थानबाट दुई हजार २२६ किलो कुहिने र आठ हजार ७७४ किलो नकुहिने गरी कुल ११ हजार किलोग्राम फोहर सङ्कलन गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका निर्देशक सहायक रथी सञ्जय देउजाले जानकारी दिए।

कुहिने फोहरलाई स्थानीय तहसँगको सहकार्यमा नाम्चे इलाकामा सगरमाथा प्रदूषण नियन्त्रण समितिलाई हस्तान्तरण गरी व्यवस्थापन गरिएको छ। नकुहिने फोहरलाई काठमाडौं ल्याइ पुनः प्रयोग गर्ने कम्पनीलाई हस्तान्तरण गरिएको छ। यस वर्षको सफाइ अभियानमा सगरमाथा, ल्होत्से र नुप्से हिमालका आधार शिविर र सोभन्दा माथिका स्थानबाट १० मेट्रिकटन फोहर र पाँचवटा शव सङ्कलन गर्ने लक्ष्य लिइएको थियो।

सफाइ टोलीले सगरमाथा हिमालको क्याम्प-३ देखि क्याम्प-४ (बालकुने इलाका)बाट तीनवटा शव, ल्होत्से हिमालको चुचुरोनजीकबाट एउटा शव र खुम्बु आइसफल इलाकाबाट एउटा मानव अस्थिपञ्जर सङ्कलन गरेको छ। सङ्कलित मानव शव तथा अस्थिपञ्जर आवश्यक कानूनी प्रक्रियापश्चात् व्यवस्थापनका लागि त्रिवि शिक्षण अस्पताल महाराजगंजमा बुझाइएको सेनाले जनाएको छ।

हिमालमा बेवारिसे अवस्थामा रहेका शव सङ्कलन निकै चुनौतीपूर्ण मानिन्छ। गत चैत १९ गते सफाइ टोलीले काम थालेको थियो। ५५ दिनको प्रयासपछि उक्त फोहर, शव र अस्थिपञ्जर सङ्कलन गरिएको हो। यस अभियानमा सेनानी आदित्य कार्कीको नेतृत्वमा १० सैन्य जनशक्ति र १८ जना शेर्पा सहयोगीका साथै अन्य आरोही दलका सदस्य प्रत्यक्ष संलग्न रहेका थिए। सफाइ टोलीले सगरमाथाको सफल आरोहणसमेत गरेको थियो।

आधार शिविरमा रहेका समन्वय अधिकृत, स्थानीय तहका जनप्रतिनिधि, सगरमाथा प्रदूषण नियन्त्रण समिति तथा लुक्लामा रहेको इलाका प्रहरी कार्यालयबाट फोहर तथा शव सङ्कलन तथा व्यवस्थापनमा महत्त्वपूर्ण सहयोग प्राप्त भएको सहायक रथी देउजाले जानकारी दिए। अभियानलाई सफल बनाउन पर्यटन विभाग, खुम्बु पासाङल्हामु गाउँपालिका, सगरमाथा प्रदूषण नियन्त्रण समिति, हिमालयन उद्धार सङ्घ, नेपाल पर्वतारोहण सङ्घ र फोहर व्यवस्थापनमा सहयोग गर्ने सङ्घसंस्थाको योगदान महत्त्वपूर्ण रहेको सेनाले जनाएको छ।

सन् २०१९ मा सञ्चालित अभियानबाट सफाइ टोलीले सगरमाथा र ल्होत्से हिमालबाट १० दशमलव छ मेट्रिकटन फोहर र चारवटा शव सङ्कलन गरेको थियो। विश्वव्यापी कोरोना महामारीका कारण सन् २०२० मा अभियान सञ्चालन गरिएको थिएन। सन् २०२१ मा विभिन्न छवटा हिमालबाट २७ दशमलव छ मेट्रिकटन फोहर, चारवटा शव र एउटा अस्थिपञ्जर तथा सन् २०२२ मा चारवटा हिमालबाट ३३ दशमवल आठ मेट्रिकटन फोहर सङ्कलन गरिएको थियो। सन् २०२३ मा सफाइ टोलीले सगरमाथा, ल्होत्से, बरुन्चे र अन्नपूर्ण हिमालबाट ३५ दशमलव सात मेट्रिकटन फोहर सङ्कलन गरेको थियो। हिमालमा रहेका फोहर हटाउनका लागि सेनाले सन् २०१९ देखि सफा हिमाल अभियान सञ्चालन गर्दै आइरहेको छ।

विश्व वातावरण दिवसका अवसर पारेर सेनाले आज जङ्गी अड्डामा विशेष कार्यक्रम गरी यस वर्ष सञ्चालन गरिएको सफा हिमाल अभियानको समापन गरेको छ। अभियानको समापन गर्दै प्रधानसेनापति प्रभुराम शर्माले सफाइ अभियान सञ्चालन गर्नु जटिल, चुनौतीपूर्ण र साहसिक कार्य भएको बताए। सरकारले सफा हिमाल अभियानको मुख्य भूमिका सेनालाई प्रदान गरेको भएपनि सबैको संयुक्त प्रयासबाट अभियान सम्भव भएको उनले बताए। “सेनाको एक्लो प्रयासबाट मात्रै यस्ता अभियान सफलतापूर्वक सञ्चालन गर्न सकिंदैन, यो सबैको सामूहिक प्रयासबाट मात्रै सम्भव छ,” उनले भने, “अभियानमा सरकार, स्थानीय जनता र यसप्रति सचेतना ल्याउन क्रियाशील विभिन्न निकायका महत्त्वपूर्ण भूमिका रहेको छ।”

प्रधानसेनापति शर्माले प्रतिकूल मौसम तथा विषम परिस्थितिका बावजूद उक्त अभियानका क्रममा सङ्कलन गरिएका फोहर, बेवारिसे शव र अस्थिपञ्जर आफैंमा महत्त्वपूर्ण उपलब्धि रहेको बताए। सरकारले दिएको जिम्मेवारी तथा सेनाले लिएको लक्ष्य पूरा गर्न सफाइ टोलीले देखाएको तत्परताको उनले सराहना गरे। “यो सुरुआत मात्रै हो, अभियान सञ्चालनपूर्व र पश्चात् भएका केही उपलब्धिले अन्तर्राष्ट्रियरूपमा नेपालले प्रकृति तथा पर्यावरण संरक्षणमा जनाएको प्रतिबद्धता पनि इङ्गित गरेको छ, यो नेपालीका लागि गर्वको विषय हो,” प्रधानसेनापति शर्माले भने।

नेपाली सेना छ दशकदेखि प्रकृति र पर्यावरणमा संरक्षण लागेको र कुल सैनिकको १० प्रतिशत जनशक्ति वातावरण संरक्षणमा खटिइएको प्रधानसेनापति शर्माले जानकारी दिए। “संसारका कुनै पनि मुलुकमा रक्षा बललाई पर्यावरणीय सुरक्षा सहयोग कार्यमा लगाएको उदाहरण विरलै छ, यो हामीले गर्व गर्ने विषय हो। यो उदाहरणीय ‘मोडल’ हो,” उनले भने। उच्च हिमाली क्षेत्रमा घट्न सक्ने विपद् तथा अन्य अवस्थामा परिचालित हुन सफा हिमाल अभियानले सेनालाई प्रशिक्षणसमेत दिएको उनको भनाइ छ। उक्त साहसिक कदमको उच्च कदर गर्दै प्रधानसेनापति शर्माले अभियानमा सहभागिताका लागि अग्रसर हुने सैनिक तथा गैरसैनिक व्यक्तिलाई बधाई ज्ञापन

(बाँकी पाँचौं पातामा)



**पोखरीबाट माछा निकाल्दै किसानः** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीका किसान पोखरीमा पालन गरिएको माछा बिक्रीका लागि बजार लैजान निकाल्दै। स्थानीय किसानले ग्रास, रोहु, नैनी, भाकुरलगायतका माछा पोखरीमा पालन गरी राम्रो आम्दानी गर्दै आएका छन्। तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस

# नागरिकता प्राप्तिसम्बन्धी जटिलता फुकाउने कोशिश भइरहेको छ -उपप्रधानमन्त्री लामिछाने

काठमाडौं, २३ जेठ/रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले नागरिकता प्राप्तिमा देखिएका जलिटता समाधान गर्न सरकारले कोशिश गरिरहेको बताएका छन्।

गृह मन्त्रालयद्वारा आयोजित ‘नागरिकता र नागरिकतासँग सम्बन्धित विषयवस्तुमाथि भएको छलफल’ कार्यक्रमको शुभारम्भ गर्दै उपप्रधानमन्त्री लामिछानेले नागरिकता प्राप्तिसम्बन्धी नागरिकको संवैधानिक अधिकार प्रत्याभूत गर्न सरकार प्रयासरत रहेको बताए।

“नागरिकता प्राप्त गर्ने संविधानप्रदत्त अधिकारबाट नागरिकलाई वञ्चित गराउनुहुँदैन, कार्यविधि बनाएर नागरिकता प्राप्तिसँग जोडिएका जटिलता फुकाउने कोशिश भइरहेको छ”-उनले भने-“नागरिकता प्राप्तिसम्बन्धी जटिलता सम्बोधन हुनेगरी नागरिकतासम्बन्धी कानून निर्माण गर्नु सरकारको दायित्व र जिम्मेवारी हो।”

नागरिकप्रतिको दायित्व र जिम्मेवारीको बोध गरेरै मन्त्रालयले सरोकारवालासँग नागरिकता प्राप्तिका विविध विषयमा छलफल थालेको जानकारी दिंदै उनले सरोकारवालासँग भएको छलफलबाट आएको निचोडलाई कार्यविधिमा समावेश गर्न सक्दा नागरिकतासम्बन्धी समस्या समाधान गर्न सकिने विश्वास व्यक्त गरे।

“नागरिकतासम्बन्धी कानूनमा रहेका जटिलता सम्बोधन गर्न सकियोस्, प्रत्येक नागरिकलाई राज्यले प्रदान गर्नुपर्ने नागरिकतासम्बन्धी अधिकारमा कुनै बाधा नहोस् भनेर छलफल आयोजना गरिएको हो”-उपप्रधानमन्त्री लामिछानेले भने-“नागरिकता प्राप्तिका जटिलता तथा प्राविधिक पक्ष, नागरिकतासम्बन्धी निर्णय तथा फैसलाका आधारमा पनि नागरिकता प्राप्त गर्न नसकेका नागरिकका भोगाइका आधारमा कार्यविधि बनाइनुपर्छ।”

कानूनले वर्जित गरेकाबाहेक




संविधान, प्रचलित कानून र विधिबाट नागरिकता प्राप्त गर्न सक्ने नागरिकको अधिकार सङ्कुचित होइन, संरक्षण र सहज गर्न गृह मन्त्रालयले सहजीकरण गर्दै आएको उपप्रधानमन्त्री लामिछानेको भनाइ थियो। आमनागरिकले नागरिकता प्राप्त गर्ने विद्यमान कानूनी अवस्थामा देखिएका कमी-कमजोरी, व्याख्या, पुनःव्याख्या तथा अभ्यासबाट वास्तविक रूपमा के-कस्ता समस्याको सामना गरिरहनुपरेको छ भन्नेबारे आफूले कार्यभार सम्हालेदेखि नै गम्भीर चासो राखेको बताए।

उपप्रधानमन्त्री एवं गृहमन्त्रीकारूपमा रहँदा मात्र नभई त्यस अघि सञ्चारकर्मीको भूमिकामा रहँदा पनि नागरिकता प्राप्तिमा नागरिकले भोग्नुपरेका समस्याबारे आवाज उठाउँदै आएको उनले बताए। “नागरिकता प्राप्तिका जटिलता, कानूनी पक्ष र व्यावहारिक पाटो तथा विभेदकारी क्रियाकलापसम्बन्धी दर्जनौं कार्यक्रम चलाएको छु”-उपप्रधानमन्त्री लामिछानेले भने-“मैले जुन जगमा उभिएर राजनीतिमा सफलता प्राप्त गरें, त्यो जग विगतमा आम नागरिकले उठाएका आशा र उनीहरूलाई जगाउन गरेको प्रयास नै हो।”

गृहमन्त्री लामिछानेले सरोकारवालासँग भएको छलफल, कानूनी आधार र कैयौं अनुभव समेटेर नागरिकतासम्बन्धी विषयलाई व्यावहारिकरूपमा सम्बोधन गर्न लागिएको बताए। विज्ञ तथा सरोकारवालासँग भएको छलफलबाट प्राप्त सुझाव सरकारका लागि महत्त्वपूर्ण आधार हुने भन्दै उनले कार्यान्वयन प्रणालीमा गर्नुपर्ने सुधार सरकारका लागि मार्गदर्शन बन्ने अपेक्षा गरे।

“छलफलबाट प्राप्त सुझाव समावेश गरी नागरिकतासम्बन्धी कानून तथा कार्यविधि परिमार्जन गरिने छ”-उनले भने।

कार्यक्रममा चार सत्रमा नागरिकतासँग सम्बन्धित सवालमा छलफल गरिने गृह मन्त्रालयले जनाएको छ। जन्मका आधारमा नागरिकता प्राप्ति, गैरआवासीय नेपाली नागरिकता, आमाको नाममा नागरिकता जारी र पहिचानसहितको नागरिकता, लिङ्ग परिवर्तन गरी नागरिकता प्राप्ति, नागरिकता परित्याग र पुनःप्राप्तिमा रहेका जटिलता, समाधानका उपाय तथा कानूनी सुधारका पक्षमा छलफल हुनेछ।

# केराको थामबाट फाइबर, धागो र कम्पोस्ट मल बनाएर आयआर्जन

बेनी (म्याग्दी), २३ जेठ/रासस

म्याग्दीको बेनी नगरपालिका-२ खबरामा केराको थामबाट फाइबर, धागो र कम्पोस्ट मल तयार गरिएको छ। केराको कोसा बिक्री भएपछि खेर जाने थामलाई प्रशोधन गरेर फाइबर, धागो र कम्पोस्ट मल बनाउन थालिएको हो।



बेनी नगरपालिकाले केरा पकेट विकास कार्यक्रम अन्तर्गत खबरामा कम्पोस्ट मल बनाउने तालीम प्रदान गरेपछि स्थानीयवासीले केराखेतीबाट फल र थाम दुवैबाट आयआर्जन गर्न थालेका हुन्।

बेनी नगरपालिकाको सहयोगमा स्थानीय राधाकृष्ण कृषि सहकारी संस्थाले आयोजना गरेको दुई दिने तालीममा खबराका २५ जनाले थामबाट रेशा निकालेर फाइबर धागो बनाउने र कम्पोस्ट मल बनाउने सीप सिकेका छन्। सोही वडाको भकुण्डेमा बेनी नगरपालिकाको ‘उपप्रमुखसँग आमा समूह कार्यक्रम’मार्फत केराको थामबाट रेशा निकालेर धागो र सेनेटरी प्याड बनाउने तालीम पनि दिइएको छ।

केरा पकेट क्षेत्रको रूपमा विकास भएको खबरा क्षेत्रमा उत्पादन भएका केरा बिक्री भएपछि खेर जाने थामबाट समेत आयआर्जन हुने भएपछि स्थानीय उत्साहित बनेको केरा पकेट क्षेत्र विकास कार्यक्रमका संयोजक सोवित शर्माले बताए। उनका अनुसार तालीममा केराको थामबाट रेशा निकालेर फाइबर, धागो तयार गर्न र रेशा तयार गर्दा खेर जाने केराको थामको धूलोलाई उपयोग गरेर कम्पोस्ट मल तयार गर्ने विधि, तरीका सिकाइएको छ।

केराको रेशाबाट पुनः प्रयोग गर्न सकिने सेनेटरी प्याड तयार गर्न सकिने भएकाले केराको थामलाई प्रशोधन गरेर व्यावसायिकरूपमा नै उद्योग सञ्चालन गर्ने योजना बनाएको स्थानीय सीमा थापाले बताइन्। “हामीले यसअघि केराका कोसा मात्रै बिक्री गर्थ्यौं, थाम त्यसै कुहिएर खेर जान्थ्यो, अब थामबाट धागो उत्पादन गरेर आयआर्जन गर्न सक्ने भएका छौं,” उनले भने।

तालीममा राष्ट्रिय युवा परिषद्का बोर्ड सदस्य सन्दीप सापकोटा, गीता पौडेल, ज्योति मल्लले प्रयोगात्मक अभ्याससमेतको सहजीकरण गरेका थिए। तीन वर्षको अनुसन्धानपछि केराको थामको रेशाबाट फाइबर, धागो, सेनेटरी प्याडलगायतका सामान उत्पादन गर्न सम्भव देखिएपछि अभियानको रूपमा केराको थामको उपयोग गर्न थालिएको प्रशिक्षक सापकोटाले जानकारी दिए।

केराको थामबाट बनेका सामग्री प्राकृतिकरूपमा उपयोगी हुने भएकाले यसको व्यावसायिकता उत्पादनले महिलाको आयआर्जनमा टेवा पुग्ने उनले बताए। बेनी नगरपालिकाले केराका थामबाट फाइबर, धागो र सेनेटरी प्याड बनाउने तालीमसँगै उद्यमीलाई त्यसमा निरन्तर लाग्न अभिप्रेरित गर्दै उपकरण पनि प्रदान गरेको छ।

# वातावरणीय सुधारका अधूरा वाचा

प्रगति ढकाल/रासस
काठमाडौं, २३ जेठ

बाँच्नका लागि हावा चाहिन्छ । हामीले फेर्ने प्रत्येक श्वासमा प्रदूषित हावा छिर्दा कहिलेसम्म स्वस्थ रहौंला हामी ? वातावरणीय अवस्था नै बिग्रँदा हाम्रो स्वास्थ्य नबिग्रिएला त ? आफ्ना भावी पुस्ताका लागि सम्पत्ति जोडिदिनुपर्ने मान्यता लिएर होडबाजी गर्ने हामीले तिनै भावी पुस्ताको स्वास्थ्यलाई ख्याल गर्दै स्वच्छ वातावरण हस्तान्तरण गर्नुपर्ने हाम्रो दायित्व होइन र ? पछिल्लो समय यी र यस्तै बहसहरूले चर्चा पाउन थालेका छन् ।

'हाम्रो भूमि हाम्रो भविष्य' भन्ने नाराका साथ आज विश्व वातावरण दिवस मनाइरहँदा संविधानले प्रदान गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक कार्यान्वयन भएको छैन । दिवस मनाइरहँदा वातावरणीय सन्तुलन बिग्रेर बढेको तापक्रमले कैयौं सर्वसाधरण मारमा परेका छन् । सडकबाट उठ्ने धूलो छेक्न मास्क प्रयोग गर्न बाध्य हुनुपरेको छ ।

बर्सेनि सुक्खा बढिरहेको छ। खडेरीले खाद्य सङ्कट निम्ताउँदैछ । जलवायु परिवर्तनका कारण सेता हिमाल कालो पत्थरमा परिणत हुन थालेका छन् । वातावरणीय सन्तुलन बिग्रेकै कारण बाढी, पहिरो, वन डढेलो, डुबान, तातो हावाको लहरजस्ता प्राकृतिक विपत्तिको त्रास पनि उस्तै छ। र त वातावरणीय न्यायका लागि सडकदेखि सदनसम्म र राष्ट्रिय तहदेखि अन्तर्राष्ट्रिय तहसम्म आवाज उठ्न थालेको छ ।

धनुषाका दिलीपकुमार महतोलाई चुरे उत्खनन तथा ढुङ्गा, गिट्टी चोरी–निकासीको घटनाले पिरोल्ने गर्थ्यो। पाँच वर्ष अघि क्रसर उद्योगीले चुरे उत्खनन गरिरहेको घटना उनले टुलुटुलु हेरेर बस्न सकेनन् । विरोध गरी टिपर रोक्ने कोशिश गरे, तर क्रसर उद्योगीले फलामको रडले घोचीघोची हत्या गरे । २४ वर्षकै कलिलो उमेरमा पर्यावरणको बचाउका खातिर आवाज उठाउँदा उनले मृत्युवरण गरे । आज चुरे बचाऊ र पानी देऊ : भन्दै माइतीघरमा धर्ना बस्नेहरूको आवाजले पनि पर्यावरण बचाउन चर्को दबाब दिइरहेको छ। चुरे संरक्षणका कार्यक्रम राष्ट्रिय गौरवको आयोजनाका रूपमा राखियो तर 'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई' भन्ने नारा अधूरै छ ।

वर्तमान संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा राखिएको छ । वरिष्ठ अधिवक्ता दिनेशमणि त्रिपाठीले संविधानमा व्यवस्था भएको नागरिकको मौलिक हक कार्यान्वयन र पालना नभएको बताएका छन् । "मौलिक हकमा उल्लेख भएपछि राज्यको अनिवार्य दायित्व रहेको हक कार्यान्वयनका लागि राज्यले निरन्तर पहल गर्नुपर्छ"–उनले भने–"पछिल्लो जलवायु परिवर्तनको असर देखिनु, काठमाडौं संसारको प्रदूषित शहरमा सूचीकृत हुनु नेपालका लागि गम्भीर विषय भएकाले राज्यको सार्थक प्रयास जरूरी छ ।"

यसैगरी संविधानको धारा ४६ मा न्यायिक उपचारको हकको व्यवस्था गरिएको छ । पछिल्लो समय विश्वका अधिकांश मुलुकले वातावरणीय हकलाई मौलिक हकका रूपमा राख्न थालेका छन् । वातावरण ऐन २०७६, वन ऐन २०७६ तथा राष्ट्रिय निकुञ्ज ऐन २०२९ को व्यवस्था गरिएको छ, तर यी ऐनहरू अक्षरशः पालना नहुँदा वातावरणीय सुधारमा चुनौती थपिएको बताउँछन् त्रिपाठी ।

विसं २०७८ असोज १८ गते वन तथा वातावरण मन्त्रालयले ४० माइक्रोनभन्दा कम पातालो प्लास्टिकको झोला ओसारपसारमा प्रतिबन्ध लगाइएको भनी राजपत्रमार्फत सूचना प्रकाशन गरेको थियो, तर आजसम्म उक्त नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्दा लामो समयसम्म नकुहिने तथा नसड्ने प्लास्टिकजन्य वस्तुको व्यवस्थापन गर्न सकिएको छैन । यसैगरी बेलाबेला सरकारले वायु प्रदूषण गराउने सवारी साधनलाई कारबाही गर्न छड्के जाँच गर्दा चर्चा चुलिने गरेको छ । सबै अन्तरसरकारी निकायबीच समन्वय अगाडि बढाएर अधूरा रहेका नीतिगत लक्ष्य कार्यान्वयन हुन जरूरी छ ।

### वातावरण सुधारका चुनौती र उपाय

वातावरण संरक्षण ऐन, २०७६ अनुसार वातावरण भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूबीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध हो । विभागकै उपसचिव मधुदेवी घिमिरेले विश्वमा आर्थिक क्रियाकलाप बढ्दै जाँदा वातावरणीय क्षति पनि बढिरहेको भन्दै क्षति न्यूनीकरणमा समयमैं सचेत हुन आवश्यक रहेको बताएकी छन् । "वन डढेलो, बाह्य मिचाहा प्रजाति, बढ्दो जलवायु परिवर्तनको असर, कृषिमा विषादि प्रयोग, हरितगृह ग्याँस उत्सर्जन, पूर्वाधार निर्माणमा ढिलाइ, हरित प्रविधि प्रयोग नगरी बनाइएका ईंटा उद्योग, पुराना सवारी साधन, धूवाँ–धूलोका कारण वातावरणीय प्रदूषण भइरहेको छ"–उनले भनिन्–"वातावरण संरक्षणका लागि बनेका कानून, ऐन तथा नीतिहरू कार्यान्वयन हुन नसक्दा समस्या बढिरहेको छ, कार्यान्वयनका लागि अन्तरसरकारी निकायबीच समन्वय बढाउन जरूरी छ।"

अव्यवस्थित शहरीकरण (घरायसी फोहर, ढलपानी, अस्पताल, होटल, उद्योग क्षेत्रबाट निस्कने फोहोर), उद्योग, औद्योगिक क्षेत्रबाट निस्कने प्रदूषित वायु, प्रदूषित पानी, वायु प्रदूषण (सवारी साधन, वन डढेलो), पूर्वाधार निर्माण कार्य (सडक, पुल, जलविद्युत्, भवनबाट निस्कने धूलो), प्राकृतिक स्रोतको अधिक दोहन, बाढी पहिरो, नदीजन्य सामग्रीका अव्यवस्थित उत्खननले वातावरणीय सन्तुलनमा खलल पुगिरहेको घिमिरेको भनाइ छ ।

उनका अनुसार जलवायुजन्य असर, अनावृष्टि, अतिवृष्टि, खडेरी, बाढी, वन डढेलो, खोलानालामा ढल विसर्जन, वातावरणीय अध्ययन नगराई सञ्चालन हुने, अध्ययन प्रतिवेदनको पालना नहुने, अनुगमन मूल्याङ्कन प्रभावकारी नहुनुलगायत समस्या छन् । वातावरण कानूनलगायत अन्य कानूनको समयसापेक्ष संशोधन र स्पष्टता, वातावरण कानून, वातावरणीय मापदण्डको पालना गर्नुपर्ने, तीनवटै तहका सरकार, निजी, गैसस, नागरिक समाजबीच वातावरणमैत्री योजना र विकासमा प्रतिबद्धता गर्न सकिए समस्या समाधान गर्न सकिने उनको भनाइ छ ।

घिमिरेले योजनाबद्ध शहरीकरण/विकास (बाटो, पानी, विद्युत्, ढल, हरियाली, खुला क्षेत्र), निर्धारित स्थानमा उद्योग, औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालन, वातावरणमैत्री प्रविधिको प्रयोग, ठोस तथा तरल फोहरको वर्गीकरण, प्रशोधन, पुनः प्रयोग र विसर्जन, विकास निर्माण कार्यको निर्धारित समयमैं सम्पन्नता, जलवायु अनुकूलन कार्यक्रम सञ्चालन कृषि बाली, तीन तहका सरकारबीच सहकारिता समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिएकी छन् ।

### पर्याप्त छन् वातावरणीय सुधारका मापदण्ड

सवारी प्रदूषणसम्बन्धी मापदण्डमा नेपाल सवारी प्रदूषण मापदण्ड २०६९, ग्याँस तथा पेट्रोलद्वारा चल्ने सवारी साधनको प्रदूषणसम्बन्धी मापदण्ड २०५७ र पेट्रोल र डिजेलबाट चल्ने सवारी साधनको प्रदूषणसम्बन्धी मापदण्ड, २०५४ जारी भएको छ । त्यस्तै उद्योग प्रतिष्ठानहरूबाट निष्कासन हुने फोहोर पानीसम्बन्धी मापदण्ड, ध्वनिको गुणस्तरसम्बन्धी मापदण्ड नै वातावरणीय सुधारका मापदण्ड रहेका छन् ।

यसैगरी वायु गुणस्तर तथा धूवाँसम्बन्धी मापदण्डहरू सरकारले तय गरेको छ। जस अन्तर्गत ईंटा उद्योगबाट निष्कासन हुने धूवाँ र चिम्नीको उचाइसम्बन्धी मापदण्ड, २०७४, इन्सिनिरेटर सञ्चालनबाट निष्कासन हुने धूवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड, २०७१, सिमेन्ट र क्रसर उद्योगबाट निष्कासन भई हावामा जाने धूलोसम्बन्धी मापदण्ड २०६९ रहेका छन्। यसैगरी डिजेल जेनेरेटरबाट निष्कासन भई हावामा जाने धूवाँका लागि उत्सर्जन सीमा २०६९, औद्योगिक ब्वायलर सञ्चालनबाट निष्कासन हुने धूवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड २०६९ समेत रहेका छन् । यी मापदण्ड कार्यान्वयनको अवस्था मूल्याङ्कन हुन पनि उत्ति नै जरूरी छ ।

### अन्तर्राष्ट्रियस्तरका प्रतिबद्धता कार्यान्वयन आवश्यक

सन् १९९२ जून महीनामा १७२ राष्ट्रका प्रतिनिधि र सरकार प्रमुखहरूको पहिलोपटक ब्रजीलको राजधानी रिओ दी जेनेरिओमा सम्मेलन भएको थियो। उनीहरूले जलवायु परिवर्तनको मुद्दालाई लिएर विश्वव्यापीरूपमा चासो र चिन्ता व्यक्त गरे । जलवायु परिवर्तनको मुद्दा अन्तर्राष्ट्रियकरण भयो। सन् १९७२ मा स्वीडेनको राजधानी स्टकहोममा भएको सम्मेलनले उठाएको वातावरणसम्बन्धी मुद्दाबाट नै कालान्तरमा जलवायु परिवर्तन र यसको न्यूनीकरणको विषयमा चासो–चिन्ता लिन थालियो । विकसित र विकासशील राष्ट्रहरूले खेल्नुपर्ने भूमिकाका रूपमा समेत अन्तर्राष्ट्रिय सम्मेलनमा आवाज उठाइन थालियो ।

नेपालले स्टकहोममा भाग नलिए पनि रिओमा सहभागिता जनाएको थियो । त्यसपछिका हरेक जलवायुसम्बन्धी सम्मेलनमा सहभागिता जनाउँदै आइरहेको छ। गत नोभेम्भर ३० देखि डिसेम्बर १२ सम्म युएइको दुबईमा भएको जलवायु परिवर्तनसम्बन्धी २८औं अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वका १९५ मुलुकका मानिस एकै थलोमा जम्मा भएर जलवायुले विश्वव्यापीरूपमा सिर्जना गरेको समस्या र समाधानको उपायको विषयमा छलफल तथा बहस चलेको थियो।

प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा दुबई गएको नेपाली टोलीले सो सम्मेलनमा हिमालको एजेन्डामा जोडदार आवाज उठायो । प्रधानमन्त्री दाहालले धनी र विकसित मुलुकमा भएको औद्योगिक क्रान्तिले पृथ्वीको वायुमण्डलीय तहमा बढाएको हरितगृह ग्याँस उत्सर्जनको कारण पृथ्वीको तापक्रम बढ्दा नेपालले असर भोगिरहेको भन्दै जलवायु न्यायमा आवाज उठाए ।

जलवायुको असर बढ्दै गएमा हिमालको हिउँ पग्लने र हिमाल कालापत्थरमा परिणत हुने भन्दै नेपालले उठाउँदै आएको आवाजका कारण पहिलोपटक कोप–२८ मा हिमालका मुद्दाले स्थान पाउन सफल भयो। नेपालले कतिपय वातावरणीय सुधारका लागि लिएका लक्ष्य अधूरै रहे पनि सकारात्मक पाटो के छ भने नेपालले वातावरणीय न्यायका लागि आवाज बुलन्द गर्दै आएको छ । क्षमता अभिवृद्धि भइरहेको छ । यही जेठ ९ र १० गते नेपालले आयोजना गरेको 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद' मा २३ देशका विज्ञ एकैथलोमा बसेर नेपालको पर्वतीय क्षेत्रमा जलवायुले पारेको समस्या र निराकरणको उपाय खोजिएको थियो ।

दिगो विकास लक्ष्यले पनि सन् २०३० सम्म सबै देशमा जलवायुसँग सम्बन्धित घातक/हानिकारक कुराहरूका साथै प्राकृतिक विपदाको सामना गर्न उत्थानशीलता र अनुकूलन क्षमता सुदृढ गर्ने, जलवायु परिवर्तनका उपायलाई राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने र जलवायु परिवर्तनलाई कम गर्न अनुकूलन गर्न, प्रभाव घटाउन र यस सम्बन्धमा पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानव तथा संस्थागत क्षमतामा सुधार गर्नेलगायत प्रमुख परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन् ।

लक्ष्य अन्तर्गत कार्बनडाइअक्साइड ग्याँस उत्सर्जन आधा घटाउने र सन् २०३० सम्म कम्तीमा १२० गाउँपालिकामा जलवायु परिवर्तन अनुकूलन योजना लागू गर्नेजस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ । यसैगरी हाल एउटा पनि जलवायु स्मार्ट गाउँ नभएकोमा १७० गाउँलाई जलवायु स्मार्ट बनाउने, हाल एउटा पनि जलवायु स्मार्ट खेती एकाइ नभएकोमा ५०० जलवायु स्मार्ट खेती एकाइ बनाउने दिगो विकासको लक्ष्य रहेको छ ।

जमीनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनका सेवा विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र, हिमालयहरू र सुक्खा क्षेत्रहरूको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने, सबै प्रकारका वनको दिगो व्यवस्थापन प्रभावकारी बनाउने र मरुभूमिकरणविरुद्ध लड्ने र दिगो विकासका निम्ति आवश्यक लाभ प्रदान गर्ने खालका क्षमता वृद्धिका लागि जैविक विविधतालगायत पर्वतीय पारिस्थितिकीय प्रणालीहरूको संवर्द्धन/संरक्षण सुनिश्चित गर्नेजस्ता परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ ।

काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा वायु प्रदूषण, फोहोर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग व्यापक बनाउने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीहरूलाई विशेष सावधान रहन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ।

### वातावरणीय नीति कार्यान्वयन आवश्यक

राष्ट्रिय वातावरण नीति २०७६ अनुसार प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्–चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति रहेको छ । प्रमुख शहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्शाङ्कन गरिने रणनीतिमा उल्लेख छ ।

"औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानी प्रशोधन गर्ने व्यवस्था गरिने छ । उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धूवाँ, धूलो, पानी व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ"– नीतिमा उल्लेख छ– "घरभित्रको वायु प्रदूषण न्यूनीकरण गर्न सौर्य चुल्हो, विद्युतीय चुल्हो, बायोग्याँस, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणको प्रवर्द्धन गरिने छ । ऊर्जा किफायती भवन निर्माणमा जोड दिइने छ ।"

प्रदूषण नियन्त्रणका लागि उत्सर्जनस्थल नक्शाङ्कनका लागि विक्षेपण जस्ता नवीनतम विधि प्रयोग गरिने, पुनः प्रयोग गर्न नमिल्ने फोहर आवश्यकतानुसार फोहर विसर्जन क्षेत्र, हानिकारक फोहर विसर्जन क्षेत्र भस्मीकरण यन्त्रको माध्यमबाट सुरक्षित तरीकाले विसर्जन गरिने तथा औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भस्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ। वातावरणीय ऐन तथा नीति आफैंमा राम्रा र पर्याप्त छन् । मात्रै प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ । विकास र वातावरणीय सन्तुलन आजको आवश्यकता हो ।

## फरक समाचार

# स्ट्रोक हुन सक्ने पाँचवटा सङ्केत

स्ट्रोक मस्तिष्कमा रक्तसञ्चारमा अवरोधसँग सम्बन्धित छ। यसका पछाडि दुईवटा कारण छन्– इस्केमिक स्ट्रोक र हेमोरेजिक स्ट्रोक। इस्केमिक स्ट्रोकमा





मस्तिष्कका नसाहरू अवरुद्ध हुन्छन्, जसले गर्दा सही मात्रामा रगत पुग्न सक्दैन। त्यस्तै, हेमोरेजिक स्ट्रोकमा मस्तिष्कमा रगत चुहिन थाल्छ ।

इस्केमिक स्ट्रोक बढी सामान्य हुन्छ। किनभने यो उच्च रक्तचाप, मोटोपन, शारीरिक गतिविधिको कमी, अस्वस्थ खानपान र धूमपानसँग सम्बन्धित छ । स्ट्रोक घातक हुन्छ तर समयमैं यसको लक्षण पहिचान भए उपचारले पूर्ण निको हुन सक्छ ।

**स्ट्रोकका प्रारम्भिक लक्षण** : बोल्न कठिनाइ हुनु स्ट्रोकको प्रमुख लक्षण हो। यदि व्यक्ति स्पष्टरूपमा शब्द बोल्न नसक्ने वा आफ्नो शब्द सहीरूपमा व्यक्त गर्न सक्षम छैन भने मस्तिष्कमा रगतको कमीको कारण हुन सक्छ ।

**मांसपेशी कमजोरी र पक्षघात** : स्ट्रोकका कारण मस्तिष्कले शरीरका अङ्गहरूमा सङ्केत पठाउन नसक्ने हुँदा व्यक्ति पक्षघातको शिकार हुन्छ। मांसपेशीमा पनि कमजोरी महसूस हुन्छ। जसका कारण हातखुट्टा झमझमाउने र अनुहारको एउटा छेउ सुन्निन्छ ।

**हिंड्डुल गर्न कठिनाइ** : स्ट्रोकले व्यक्तिको हिंड्ने क्षमतामा नकारात्मक असर गर्छ। यस्तो अवस्थामा यदि कुनै व्यक्ति स्पष्ट बोल्न सक्ने भएपनि हिंड्न गाऱ्हो भइरहेको छ भने उसलाई स्ट्रोक हुन सक्छ। किनभने मस्तिष्कले राम्ररी काम गर्न नसक्दा शरीरको सन्तुलन बिग्रन थाल्छ ।

**हेर्न समस्या** : हेर्ने समस्या स्ट्रोकको अर्को लक्षण हो। स्ट्रोकका कारण चीजहरू दोहोरो वा धमिलो देखिन थाल्छ। उमेर बढ्दै जाँदा दृष्टिमा कमी आउनु प्राकृतिक प्रक्रिया भएपनि यसमा महीना वा वर्ष लाग्छ । तर अचानक मस्तिष्कघातका कारण आँखामा क्षति पुग्छ ।

**गम्भीर टाउको दुःखाइ** : कहिलेकाहीं गम्भीर टाउको दुःखाइ स्ट्रोकको चेतावनीको सङ्केत हो । टाउको दुःखाइ सामान्यतया अन्य टाउको दुःखाइभन्दा बढी गम्भीर हुन्छ। यस्तो टाउको दुःखाइमा बान्ता र वाकवाकी लाग्न सक्छ। धेरैजसो मानिस टाउको दुख्ने समस्यालाई निर्जलीकरण र निद्राको कमीको सङ्केत मानेर बेवास्ता गर्छन्। तर वास्तवमा यो मस्तिष्क पक्षघातको सङ्केत पनि हुन सक्छ ।

# यसरी बनाउनुहोस् आँपको अचार

गर्मीको मौसम आएसँगै सबैजना आँपको पर्खाइमा छन् । आँपबाट धेरैकुरा बनाउन सकिन्छ। चटनी, पन्ना, खटमीठी र सबैभन्दा मनपर्ने आँपको अचार । आँपको अचारले हरेक खानेकुराको स्वाद बढाउँछ । तसर्थ एकपटक आँपको



अचार बनाएर वर्षभरि राख्न सकिन्छ । घरमैं आमा, हजुरआमाले बनाएको जस्तै स्वादिलो आँपको अचार बनाउन सकिन्छ। त्यो पनि विनाकुनै झन्झट ।

आँपको अचार बनाउनको लागि चाहिने सामग्रीः काँचो आँपः एक किलो,
नूनः १०० ग्राम, बेसारको धूलो : दुई चम्चा,
रातो खुर्सानीको धूलोः दुई चम्चा, सौंफः दुई चम्चा, मेथी दानाः दुई चम्चा
तोरीको दानाः दुई चम्चा, हिङः १–२ चम्चा, तोरीको तेलः २५० एमएल ।

**बनाउने विधि** : सबैभन्दा पहिले काँचो आँपलाई धुनुहोस् र सुकाउनुहोस् । त्यसपछि आँपलाई सानो टुक्रामा काट्नुहोस् र आठी निकाल्नुहोस् ।

**मसला मिलाउने** : काटेको आँपको टुक्रामा नून, बेसार र रातो खुर्सानीको धूलो मिलाउनुहोस्। यसलाई राम्ररी मिलाएर दुई/तीन घण्टा घाममा राख्नुहोस्, जसले आँपबाट अतिरिक्त पानी हटोस् ।

एउटा प्यानमा सौंफ, मेथी र तोरीको दाना हल्का भुट्नुहोस्। चीसो भएपछि तिनीहरूलाई मोटोगरी पिस्नुहोस् ।

तोरीको तेललाई राम्ररी तताएर चीसो हुन दिनुहोस्। चीसो तेलले अचारलाई लामो समयसम्म सुरक्षित राख्छ ।

**अचार मिलाउने** : आँपको टुक्रामा पिसेको मसला र हिङ मिसाउनुस् । अब चीसो तोरीको तेल हाल्नुहोस् र सबै कुरा राम्ररी मिलाउनुहोस् ।

**भण्डारण** : अचारलाई सफा र सुक्खा सीसाको भाँडोमा भर्नुहोस्। अचार राम्ररी पकाउनका लागि भाँडोलाई दुई/तीन दिन घाममा राख्नुहोस्।

तपाईंको स्वादिष्ट आँपको अचार तयार भयो। यसलाई वर्षौंसम्म सुरक्षित राख्नको लागि जारलाई समयसमयमा घाममा राख्नुहोस् र सधैं सुक्खा चम्चा प्रयोग गर्नुहोस् । आँपको अचार पराठा, पुरी, दालभात वा जुनसुकै खानासँग खान सकिन्छ। अचार बनाएर केही दिन घाममा राख्दा अचारको स्वाद बढ्छ र वर्षौं बिग्रँदैन ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## जापानको जन्मदरमा 'चिन्ताजनक'रूपमा कमी

टोकियो, २३ जेठ/एएफपी

जापानको स्वास्थ्य मन्त्रालयले बुधवार देशको जन्मदर लगातार आठौं वर्षसम्म सबैभन्दा कम भएको र सरकारले अभिभावकका लागि सहयोग सुधार गर्न पहल गरिरहेको अवस्थामा देशको जन्मदर 'गम्भीर' भएको जनाएको छ।



जापानमा शिशु स्याहार केन्द्रमा शिशुको देखभाल गर्दै परिचारिकाहरू। तस्वीरः एजेन्सी

मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार जापानको जन्मदर अर्थात् एक महिलाले आफ्नो जीवनमा जन्माउन सक्ने औसत सन्तानको सङ्ख्या गत वर्ष १.२० रहेको छ, जुन जनसङ्ख्या सन्तुलन राख्न आवश्यक पर्ने २.१ बालबालिकाभन्दा निकै कम हो।

यो सङ्ख्या सन् २०२२ मा १.२६ बाट घटेको थियो र १२ करोड ४० लाख जनसङ्ख्या भएको देशमा यो लगातार आठौं वार्षिक गिरावट हो।

"जन्मदरमा निरन्तर गिरावट आउनु 'चिन्ताजनक' अवस्था हो," स्वास्थ्य मन्त्रालयका एक अधिकारीले एएफपीसँग भने।

"आर्थिक अस्थिरता, काम र बच्चा हुर्काउन कठिनाइ जस्ता विभिन्न कारणले यो सङ्ख्या घट्नुमा जिम्मेवार हुन सक्छन्," उनले भने।

घट्दो जन्मदर विकसित देशहरूमा एक सामान्य प्रवृत्ति हो र जापानको जन्मदर अझै पनि यसको छिमेकी दक्षिण कोरियाको ०.७२ भन्दा माथि छ। तथापि मोनाकोपछि विश्वको सबैभन्दा पुरानो जनसङ्ख्याको साथ जापानले बढ्दो जनसाङ्ख्यिकीय सङ्कटलाई रोक्नको लागि जन्मदर (बेबी बूम)लाई प्रोत्साहित गर्ने तरीकाहरूको खोजी गरिरहेको छ।

जापानको संसद्ले बुधवार आमाबुबाका लागि थप वित्तीय सहयोग प्रदान गर्न कानूनमा संशोधन, बाल हेरचाह सेवाहरूमा सुधारिएको पहुँच र विस्तारित अभिभावकीय छुट्टी लाभहरूलाई अनुमोदन गरेको छ।

प्रधानमन्त्री फुमियों किशिदाले जापानी समाजका लागि तत्काल खतराको रूपमा व्याख्या गरेको जन्मदरलाई बढाउने प्रयास सरकारले गरेको छ।

जन्मदर बढाउन जापानले चालेको पहलमध्ये टोकियो शहर सरकारले विकास गरेको 'डेटिङ एप' पनि एक हो, जुन यो गर्मीयामदेखि सञ्चालनमा आउनेछ।

'डेटिङ एप'का प्रयोगकर्ताहरूले उनीहरू कानूनीरूपमा एकल छन् भनेर प्रमाणित गर्ने कागजातहरू पेश गर्न र विवाह गर्न इच्छुक छन् भनेर एक पत्रमा हस्ताक्षर गर्न आवश्यक हुनेछ।

जापानी 'डेटिङ एप' प्रयोगकर्ताको आम्दानी सामान्य भए हुनेछ तर टोकियोले आवेदकको वार्षिक तलब प्रमाणित गर्न कर प्रमाणपत्रको रसिदको आवश्यकता गरेको छ।

गत वर्षको अन्त्यदेखि निश्शुल्क परीक्षण चलिरहेको एपको दर्ता प्रक्रियाको एक भागको रूपमा प्रयोगकर्ताको पहिचान पुष्टि गर्न अन्तर्वार्ता पनि आवश्यक हुनेछ। रासस

## अस्ट्रेलियाली आर्थिक वृद्धिदर १.१ प्रतिशत

क्यानबेरा, २३ जेठ/सिन्ह्वा

अस्ट्रेलियाको अर्थतन्त्र सन् २०२४ को पहिलो तीन महीनामा ०.१ प्रतिशतले वृद्धि भएको छ।

अस्ट्रेलियाली तथ्याङ्क विभाग (एबिएस)ले बुधवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार जनवरीको शुरूदेखि मार्चको अन्त्यसम्म अस्ट्रेलियाको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ०.१ प्रतिशत र मार्चको अन्त्यसम्म १२ महीनामा १.१ प्रतिशतले बढेको छ।

यो डिसेम्बर २०२० मा समाप्त १२ महीनाको अवधिपछि वार्षिक वृद्धिको सबैभन्दा सुस्त दर हो।

तुलनात्मकरूपमा अस्ट्रेलियाको कुल गार्हस्थ्य उत्पादनको अन्तिम तीन महीनामा ०.२ प्रतिशत र डिसेम्बर २०२३ मा १.५ प्रतिशतले बढेको छ।

विवरणबारे कोषाध्यक्ष जिम चाल्मर्सले बजारको मध्यम वृद्धिको अपेक्षाभन्दा कम भएको जनाएका छन्।

कमजोर वृद्धिको प्राथमिक कारण उच्च ब्याजदर, मध्यम तर निरन्तर मुद्रास्फीति र चलिरहेको विश्वव्यापी अनिश्चिततालगायत भएको उनले बताए।

यद्यपि उनले घरेलु र विश्वव्यापी परिस्थितिमा वृद्धि स्वागतयोग्य भएको जनाएका छन्।

एबिएसका अनुसार प्रतिव्यक्ति आधारमा आर्थिक गतिविधिको मापन गर्ने प्रतिव्यक्ति आयमा सन् २०२४ को पहिलो त्रैमासिकको शुरूदेखि लगातार पाँचौं त्रैमासिकसम्म गिरावट आएको छ। यो गत वर्षको शुरूदेखि यस वर्षको शुरूसम्मको अवधिमा लगातार १.३ प्रतिशतले घटेको छ। रासस

## पपुवा न्यूगिनीको पहिरोस्थलमा उद्धार कार्य रोकिने

पोर्ट मोरेस्बी, २३ जेठ/एएफपी

पपुवा न्यूगिनीको पहिरोमा पुरिएका सयौं गाउँलेको खोजीका लागि खटेको सेनाले बुधवारदेखि उद्धार कार्य रोकिएको जनाएको छ।

"थप पहिरो आउने जोखिमका कारण शव निकाल्ने सबै प्रयास स्थगित गरिएको छ"–मेजर जो अकुले एएफपीसँग भने। "यो अवस्थामा उद्धारका लागि तत्काल कुनै सम्झौता हुँदैन"–उनले भने–"जीवितहरूलाई पुनः प्राप्त गर्ने आशामा रहेका प्रियजनलाई यसबाट धक्का लागेको छ।"

घटनास्थलको रेखदेख गरिरहेका एक प्रमुख सैन्य अधिकारी अकुले पहाडी पहिरोस्थल क्षेत्रलाई 'सबैका लागि प्रवेश निषेध क्षेत्र' घोषणा गरेका छन्।

अर्को सूचना जारी नभएसम्म समुदाय र अधिकारीको प्रवेश निषेधसहित घेराबन्दी गरिने छ।

पपुवा न्युगिनीको सरकारले एङ्गा प्रान्तको पहाडी दुर्गम बस्ती विस्थापित गरेको ६०० मिटर लामो पहिरोस्थलमा कम्तीमा दुई हजार व्यक्ति पुरिएको हुन सक्ने अनुमान गरेको छ।

अहिले उद्धारको प्रयास बन्द भएकोले विपत्तिको कारण वास्तविक कतिजनाको मृत्यु भयो भन्नु अनुमान मात्र हो।

"यो चरणमा घटनास्थलमा रहनु र उद्धार कार्य जारी राख्नु धेरै खतरनाक छ। यो मैले देखेको सबैभन्दा घातक र ठूलो पहिरो हो"–उनले भने।

पपुवा न्युगिनी विश्वको सबैभन्दा बढी विपद् जोखिमयुक्त क्षेत्रमध्ये एक हो र यसको उच्च भूमिमा पहिरो जानुलाई अत्यन्तै सामान्य मानिन्छ।

पपुवा न्युगिनीको पहिरो तथा भौगोलिक विपद् नियन्त्रण विभागको मङ्गलवार एएफपीले प्राप्त गरेको प्रतिवेदनमा 'निकट भविष्यमा' उक्त स्थानमा थप पहिरो जाने उच्च सम्भावना रहेको उल्लेख गरिएको छ।

प्रतिवेदनमा गाउँलेहरूको स्थानान्तरणमा 'कुनै सम्झौता हुन नहुने' तर पुनःस्थापनाको प्रयासले पहिरोस्थलमा अर्को पहिरो निम्त्याउन सक्ने जोखिम रहेको कारण उद्धार कार्य स्थगित गर्नुको विकल्प छैन।"

विशेषगरी, हालसालै आइपुगेको हेभी मेशीनरीको प्रयोगले माथि थुप्रिएका ढुङ्गा खस्न सक्ने जोखिमपछि उद्धार कार्य रोकिएको छ।

प्रतिवेदनमा भनिएको छ–"मेशीनबाट निस्कने गति वा कम्पनले ढुङ्गा सर्ने र खस्ने सम्भावना बढेपछि तत्कालका लागि उद्धार कार्य रोकिएको छ।"

जोखिमका कारण वरपरका समुदायलाई सुरक्षित स्थानमा सारिएको र धेरैले नजीकैको आश्रयस्थलमा शरण लिएको अकुले बताए।

उनीहरू बाँच्नका लागि सहयोगी सङ्घ–संस्था वा साझेदार मुलुकबाट प्राप्त हुने सहायतामा भर परेका छन्।

यद्यपि घटनास्थलको दुर्गम स्थानको कारण सहायता प्रयासमा गम्भीर बाधा पुगेको छ। नजीकैको आदिवासी हिंसा र पहिरोले प्रमुख सडक सम्पर्क विच्छेद गरेको छ।

अकुका अनुसार भग्नावशेषमा पुरिएकाहरूको सम्भावित स्मारकबारे समुदाय र स्थानीय अधिकारीहरूसँग छलफल भइरहेको छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | कान्तिक्षय | वृष | सुयश |
| मिथुन | खर्चवृद्धि | कर्कट | मनोरञ्जन |
| सिंह | कर्मप्राप्ति | कन्या | अलमल |
| तुला | रोगभय | वृश्चिक | व्यापारवृद्धि |
| धनु | कडाश्रम | मकर | चोरभय |
| कुम्भ | भयचिन्ता | मीन | मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**धर्मशाला ...**

काम भइरहेको आरोप लगाएका छन्। ठेकेदारले दुई नम्बर ईँटाको प्रयोग गरेको र ८:१ अनुपातको मसला प्रयोग भइरहेको स्थानीयले आरोप लगाउँदै एक सातादेखि काम बन्द गराउने प्रयास गरिरहेका छन्। ठेकेदारले भने सोमवारसम्म जबरजस्ती काम गरेको स्थानीय किशोरी ठाकुरले बताए। उनले स्थानीयले एक सातादेखि काम बन्द गराउन र सम्झौता अनुसारको काम गर्न दबाब दिएको बताए।



तस्वीरः प्रतीक

कमसल निर्माण सामग्री प्रयोग भएको गुनासोसँगै शहरी विकास मन्त्रालयको वीरगंजस्थित कार्यालयबाट बुधवार इन्जिनीयर रामबालक यादवले निर्माणस्थलको निरीक्षण गरेका छन्। उनले निर्माण कार्यमा दुई नम्बर ईँटा प्रयोग भएकोले गारो भत्काउन र नयाँ निर्माण गर्न निर्देशन दिएका छन्। उनले स्थानीयलाई सम्झौता अनुसारको काम भए नभएकोबारे निगरानी गर्न र सोबारे कार्यालयलाई सूचना दिन अनुरोध गरे। अधूरो धर्मशाला निर्माण कार्यको शिलान्यास प्रदेशसभा सदस्य एवं नेका, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले गरेका थिए। उनले शिलान्यासकै क्रममा गुणस्तरीय निर्माण सामग्री प्रयोग गर्न र निर्माण कार्यमा स्थानीयलाई चनाखो भई निगरानी गर्न सुझाव दिएका थिए।

**साढे ...**

प्रदेशसभामा एमालेको सभामुखसहित २५, नेकाका २२, जसपाका १९, जनमतका १३, माओवादी केन्द्रका नौ, लोसपाका आठ, एकीकृत समाजवादीका सात र राप्रपा, नागरिक उन्मुक्ति पार्टी र नेपाल सङ्घीय समाजवादीका एक/एक सिट छन्।

२०७९ पुस २३ मा एमाले, जनमत, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादीलगायतका दलको समर्थनमा जसपा संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री बनेका थिए।

गठबन्धन फेरबदल हुँदै आउँदा उनले चारपटक विश्वासको मत लिएका थिए भने अहिले पाँचौंपटकमा अल्पमतमा परेसँगै उनी मुख्यमन्त्री पदबाट हटनुपरेको छ।

## ढकाललाई वातावरण प्रवर्द्धन पत्रकारिता पुरस्कार

काठमाडौं, २३ जेठ/रासस

राष्ट्रिय समाचार समितिकी उपसमाचारदाता प्रगति ढकाल रु ५० हजार राशिको 'वातावरण प्रवर्द्धन पत्रकारिता पुरस्कार'बाट पुरस्कृत भएकी छन्।

छापा सञ्चारमाध्यममा रही वातावरण संरक्षण एवं संवर्द्धनका पक्षमा जनचेतना जगाउन महत्त्वपूर्ण योगदान पुऱ्याएबापत राससकी उपसमाचारदाता ढकाल पुरस्कृत भएको वातावरण विभागले जनाएको छ।

विश्व वातावरण दिवसका अवसरमा वातावरण विभागद्वारा बुधवार आयोजित कार्यक्रममा उपसमाचारदाता ढकालसहित चारजना पत्रकार पुरस्कृत भएका छन्। उपसमाचारदाता ढकालले एक दशकदेखि वन तथा वातावरणका मुद्दामा सक्रियरूपमा कलम चलाउँदै आएकी छन्। राससकर्मी ढकाल यसअघि 'मिडिया इन कन्जरभेसन अवार्ड', सामुदायिक वन पत्रकारिता पुरस्कार, नेपाल वातावरण पत्रकार समूह (नेफेज)द्वारा प्रदान गरिने वातावरण पत्रकारिता पुरस्कार तथा वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने उत्कृष्ट वातावरण संरक्षण पत्रकारिता पुरस्कारबाट पुरस्कृत भइसकेकी छन्।



तस्वीरः रासस

**पटेलनगर ...**

नभएको, कच्चा पदार्थ खुलारूपमा राख्दा चराचुरुङ्गी, कुकुरले प्रदूषण फैलाउनुका साथै कुकुरले आतङ्क मचाएको छ। कुकुरले उक्त छाला पटेलनगरका सडक, खेतलगायतका ठाउँमा ल्याएर खाने गर्दा गाउँलेहरूलाई हिंड्नसमेत असहज भएको छ।

गाउँलेले छाला उद्योगलाई व्यवस्थितरूपमा कच्चा पदार्थ तथा तरल पदार्थ राख्न दबाब दिएका छन्। यसो नगरे उद्योगविरुद्ध आन्दोलन गर्ने गाउँलेले चेतावनी दिएका छन्।

सो स्थानमा मरियम लेदर, नेशनल, ग्लोबल, नेपाल लेदरलगायतका छाला उद्योग सञ्चालनमा छन्। ग्लोबल लेदरका प्रशासन प्रमुख शम्भुप्रसाद साहले उद्योगले छाला व्यवस्थितरूपमा राखेको दाबी गरे।

**सफा ...**

गरे। कार्यक्रममा राष्ट्रियसभा सदस्य सोनाम ग्याल्जेन शेर्पा, रक्षा सचिव किरणराज शर्मा, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उच्च अधिकारी, विभिन्न मित्रराष्ट्रका सैनिक सहचारी, हिमाल आरोहणासँग सम्बन्धित संस्था र सगरमाथा क्षेत्रका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिलगायतको सहभागिता थियो।

**महामारीको ...**

भयो, तनाव कम हुँदै जान्छ। हरेक दिन आधा घण्टा मात्रै व्यायाम गऱ्यो भने पनि त्यस्तो हर्मोन बढ्न जान्छ र मानिस तनावमुक्त हुन्छ। त्यस्तै, मनमा भएका तनाव हटाउन हरेक दिन गरिने प्राणायाम एउटा प्रभावकारी विधि हुन सक्छ। यसमा नमस्कार विधि निकै प्रभावकारी देखिएको छ। यो विधि हाम्रा ऋषिमुनिहरूले हजारौं वर्षदेखि अभ्यास गर्दै आएका छन्।

यसैगरी, ध्यानले पनि तनावलाई जरोदेखि नै उखेल्न मदत गर्छ। त्यसबाहेक जीवनमा मैले जित्नैपर्छ भन्ने भावनालाई पनि त्याग्नुपर्छ। हारलाई सहजरूपमा स्वीकार गर्ने व्यक्ति सधैं तनावमुक्त रहन्छ। यसलाई हारले हराउन सक्दैन, बरु जित्नका लागि थप बल पुग्छ। त्यसैले भनिन्छ नि, असफलता नै सफलताको सिंढी चढ्नु हो। किनकि हारले मन मस्तिष्कलाई कमजोर बनाउँदैन। जसरी कुनै खेलाडीले आज खेलमा पराजय भोग्नुपरे पनि अरूको सफलतामा रमाउँछ र भोलि विजय हुने अठोट राख्छ।

सम्बन्धमा जहिले पनि लिनु र दिनुभन्दा सकारात्मक सम्बन्ध बनाइराख्न जोड दिनुपर्छ। अरूलाई स्वीकार गर्ने व्यक्तिले मात्रै सम्बन्ध बनाउन सक्छ। आज हाम्रा कार्यालयहरूमा यही सम्बन्धको अभाव रहेका कारण आपसमा द्वन्द्व, बेमेल र अविश्वास झाँगिंदो छ। अहिले हरेक व्यक्ति वा कार्यालयका प्रमुखहरूले आर्थिक मन्दीलाई मुख्य समस्या देखाउने गरेका छन्। वास्तवमा त्यो भन्नु आफूले आफ्नो क्षमतालाई बढाउनेतर्फ बेवास्ता गर्नु हो। आफू र आफ्ना मातहतका कर्मचारीहरूलाई कम्तीमा तीन महीनामा एकपटक तनावमुक्त गर्ने तालीम दिन सकिएमा प्रतिफल राम्रो आउनेछ। मानव संसाधनमा लगानी गर्नु भनेको क्षमतामा लगानी गर्नु हो। अब कार्यालयहरूमैं ध्यान, प्राणायाम गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ। ध्यानले अल्पकालीन तनावबाट राहतका साथै दिगो तनाव व्यवस्थापनका फाइदाहरू ल्याउँछ भने योगले शारीरिक ध्यान, हल्का व्यायाम र नियन्त्रित श्वास फेर्ने प्रक्रियालाई संयोजन गर्छ। योगले तनावको दीर्घकालीन व्यवस्थापनमा सहयोग गर्छ। योगले विभिन्न प्रकारका शारीरिक, मनोवैज्ञानिक र आध्यात्मिक लाभहरू प्रदान गर्छ।

त्यस्तै, स्वस्थ आहारले लामो समयसम्म तनावसँग लड्न मदत गर्न सक्छ। काम गर्ने भनेको मानिसले हो, यसलाई नै स्वस्थ बनाउन सकिएन भने कुनै सकारात्मक परिणाम आउन सक्दैन। शारीरिक गतिविधि तनाव व्यवस्थापन र मानसिक स्वास्थ्य सुधार गर्नका लागि महत्त्वपूर्ण छ। तनाव व्यवस्थापन गर्न हिंड्ने, जिम जाने, पौडी खेल्ने जस्ता शारीरिक व्यायाम गर्न सकिन्छ। सवारीसाधन चढ्ने व्यक्तिले पनि सम्भव भएसम्म हप्तामा एक वा दुई दिन मात्रै भएपनि हिंडेर घर, कार्यालय आउजाउ गरेमा घर वा कार्यालयको तनाव धेरै नै कम हुन सक्छ।

समय व्यवस्थापन अर्थात् समयभित्र आफू व्यवस्थित रहनु भनेको समस्या आउन नदिनु हो। समय व्यवस्थापनका लागि हरेक दिन बिहान योजना बनाएर काम गर्नुपर्छ। योजनासँगै लक्ष्य राख्नुपर्छ भने आफ्नो काम सम्पन्न गर्नका लागि ध्यान दिनुपर्छ। कुनै गाऱ्हो काम भए त्यसलाई पन्छाएर नभई पहिले नै गरेर सक्नुपर्छ। अनावश्यकरूपमा समयलाई बर्बाद हुन दिनुहुन्न। समयको सदुपयोगले तनावलाई रोक्न मदत गर्छ। हरेक व्यक्ति ब्रह्माण्ड हो, यसको जन्म अरूलाई हराउन होइन, जिताउन सक्छु भन्नेमा ध्यान जानुपर्छ। आफूभित्रकै क्षमता जागृत गरी प्रत्येक व्यक्तिले प्रगति गर्न सक्छ। कसैसँग प्रतिस्पर्धा गरिरहनु नै पर्दैन। ईर्ष्या, वैमनष्य नराखी आफ्नो क्षमता उपयोग गर्न सकिएमा तनाव स्वतः कम हुन्छ। (जीवन विकास विशेषज्ञ शर्मासँग राससले गरेको कुराकानीमा आधारित)

**क्याटलग सपिङ विधिबाट सवारीसाधन खरीद गर्नको लागि सूची दर्ता गराउनेसम्बन्धी सूचना**

प्रकाशित मिति २०८१/०२/२४

यस भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन पर्साका लागि आवश्यक १ (एक) थान 2100CC डिजल इन्जिन तथा प्रस्ताव माग गर्दा दिइने स्पेशिफिकेशन बमोजिमको 4WD Double Cab Pickup सवारीसाधन (गाडी) खरीद गर्नुपरेकोले सार्वजनिक खरीद ऐन, २०६३ (संशोधितसहित) र सार्वजनिक खरीद नियमावली, २०६४ (संशोधितसहित) बमोजिम तथा उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरीद गर्ने कार्यविधि, २०७४ को दफा ८ अनुसार यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन पर्सामा सूची दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।



विश्व वातावरण दिवसको अवसरमा प्रकृति सेवा प्रतिष्ठान वीरगंजले आयोजना गरेको जनचेतनामूलक साइकल र्‍यालीमा सहभागी विद्यार्थीहरू । तस्वीरः सौजन्य

# धर्मशाला निर्माणमा कमसल सामग्री प्रयोग भएको आरोप

प्रस, पोखरिया, २३ जेठ/

पोखरिया नगरपालिका–६ श्रीसियामा शहरी विकास मन्त्रालय मधेस प्रदेशले निर्माण गरिरहेको अधूरो धर्मशाला निर्माण कार्यमा कमसल सामग्री प्रयोग भएको पाइएको छ ।

१५ लाख रुपैयाँको लागतमा हरिनारायण चौहान अध्यक्ष रहेको उपभोक्ता समितिमार्फत अधूरो धर्मशालाको पुनर्निर्माण कार्य थालिएकोमा सो निर्माण कार्यमा दुई नम्बर इँटाको प्रयोग भएको र सम्झौता अनुसार सिमेन्ट र बालुवाको जोडाइ नगरिएको पाइएपछि स्थानीयले विरोध गरेका छन् ।

उपभोक्ता समितिका अध्यक्ष चौहानले दुई नम्बर इँटा प्रयोग भएको स्वीकार गरेका छन् । उनले एक नम्बर इँटा प्रयोग गर्ने बताए । अध्यक्ष चौहानले उपभोक्ता समितिमार्फत निर्माण कार्य भइरहेको बताए पनि स्थानीयले ठेकेदारमार्फत

(बाँकी पाँचौं पातामा)


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# स्रोत नखुलेको रकमसहित एकजना पक्राउ

प्रस, वीरगंज, २३ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले



मङ्गलवार वीरगंज महानगर–१५ बाइपासबाट स्रोत नखुलेको पाँच लाख ९० हजार रुपैयाँसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

भारत बिहार, रक्सौल–२० कुम्हरियाटोल बस्ने २९ वर्षीय बबलुराज रौनियारलाई स्रोत नखुलेको पाँच लाख ९० हजार रकमसहित पक्राउ गरिएको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी गराएका छन् ।

पक्राउ परेका रौनियारलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ विरुद्धको कसूरमा थप अनुसन्धान भइरहेको प्रवक्ता भारतीले बताए ।

# असार १८ गते स्व कोइरालाको सालिक अनावरण

प्रस, वीरगंज, २३ जेठ/

जिपी फाउन्डेशनको सोमवार सम्पन्न बैठकले असार १८ गते स्व गिरिजाप्रसाद कोइरालाको पुनर्निर्माण गरिएको सालिक



अनावरण गर्ने निर्णय गरेको छ ।

स्व कोइरालाको १०१औं जन्मयजन्तीको अवसरमा वीरगंज महानगर–२ छपकैयास्थित ईदगाह चोकमा स्व कोइरालाको सालिक अनावरण गर्ने निर्णय भएको फाउन्डेशनका मनोहर साहले बताए ।

सालिक अनावरण कार्यक्रममा नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता शशाङ्क कोइराला र महामन्त्री गगन थापालाई बोलाउने निर्णय भएको साहले बताएका छन् ।

# खेलकूदको संसार

## नेपाल पहिलो खेलमा नेदरल्यान्ड्ससँग पराजित

काठमाडौं, २३ जेठ/रासस

आइसिसी टी–२० पुरुष विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल पहिलो खेलमा नेदरल्यान्ड्ससँग छ विकेटले पराजित भएको छ ।



नेपालले जीतका लागि नेदरल्यान्ड्ससामु १०७ रनको लक्ष्य प्रस्तुत गरेको थियो । सो लक्ष्य नेदरल्यान्ड्सले १८.४ ओभरमा चार विकेट गुमाएर पूरा गर्‍यो । नेदरल्यान्ड्सका लागि म्याक्स ओडाउडले अविजित ५४ रन बनाए । उनले ४८ बल खेल्ने क्रममा एक छक्का र चार चौका प्रहार गरे ।

यस्तै, विक्रमजीत सिंहले २२, सेब्रान्ड एन्जेलब्रेचिटले १४ तथा बास डी लिडले अविजित ११ रन बनाए । बलिङतर्फ नेपालका लागि सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र अविनाश बोहोराले एक/एक विकेट लिए ।

यस अघि अमेरिकाको डालासस्थित ग्रान्ड प्रेरी रङ्गशालामा नेदरल्यान्ड्सले टस जितेर फिल्डिङ रोजेपछि नेपालले पहिला ब्याटिङ गरेको थियो । नेपालले १९.२ ओभरमा सबै विकेट गुमाएर १०६ रन बनाएको थियो । नेपालका लागि कप्तान रोहितकुमार पौडेलले ३५ रन बनाए । उनले ३७ बल खेल्दै पाँच चौका प्रहार गरे । यस्तै, करण केसीले १२ बलमा १७ रन जोडे । गुलशन झाले १४ तथा अनिल साहले ११ रन बनाए ।

बलिङतर्फ नेदरल्यान्ड्सका टीम प्रिङ्गल र लगन भान वीकले तीन/तीन तथा बास डी लिड र मकेरेनले दुई/दुई विकेट लिए ।

नेपालले दोस्रो खेल जेठ २९ गते श्रीलङ्कासित अमेरिकाको फ्लोरिडामा खेल्नेछ ।

## कोशी प्रदेशस्तरीय खेलकूद प्रतियोगिता असार ३ गतेदेखि

मोरङ, २३ जेठ/रासस

प्रदेश खेलकूद विकास बोर्डले आगामी असार ३ गतेदेखि प्रदेशस्तरीय विभिन्न खेलकूद प्रतियोगिता सञ्चालन गर्ने भएको छ । बोर्डद्वारा बुधवार आयोजित पत्रकार सम्मेलनमा बोर्डका सदस्यसचिव कृष्ण बस्नेतले चालू आव २०८०/८१ मा बोर्डमार्फत कार्यान्वयन हुने खेलकूदको समय निर्धारण गरी खेलकूद प्रतियोगिता सञ्चालन गर्ने निर्णय भएको जानकारी दिए ।

बोर्डले असार ३ गते पारा खेलकूद प्रतियोगिता मोरङ र सुनसरी जिल्लामा, मुख्यमन्त्री कप राष्ट्रिय महिला भलिबल मोरङको विराटनगरमा असार १५ भित्र, प्रदेशस्तरीय पौडी प्रतियोगिता मोरङ र सुनसरी जिल्लामा असार १५ भित्र, प्रदेशस्तरीय महिला फूटबल प्रतियोगिता खोटाङ जिल्लामा असार ८ देखि १३ गतेसम्म, प्रदेशस्तरीय पुरुष फूटबल प्रतियोगिता तेर्‍हथुम जिल्लामा असार ३ देखि ७ गतेसम्म आयोजना गर्ने भएको छ ।

यसैगरी, प्रदेशस्तरीय कबड्डी प्रतियोगिता मोरङको विराटनगरमा असार ७ गतेदेखि, महिला सेल्फ डिफेन्स तालीम तथा योजना प्रशिक्षण मोरङ, झापा र सुनसरी जिल्लाका विभिन्न विद्यालयमा असार १५ भित्र, प्रदेशस्तरीय कुरास प्रतियोगिता सुनसरी जिल्लामा असार १५ भित्र, प्रदेशस्तरीय भारत्तोलन प्रतियोगिता मोरङको विराटनगरमा असार १३ र प्रशिक्षक विकासका लागि प्रशिक्षण कार्यक्रम मोरङ र तेर्‍हथुममा असार १५ भित्र सञ्चालन गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

सदस्यसचिव बस्नेतले लामो समयदेखि सम्पन्न हुन नसकेको खेलकूद प्रतियोगिता बाध्यताले अहिले आयोजना गर्न लागिएको र आगामी वर्षदेखि तोकिएको समयमा गर्ने प्रतिबद्धता व्यक्त गरे । उक्त खेलकूद प्रतियोगिता सम्पन्न गर्न रु एक करोड खर्च लाग्ने अनुमान गरिएको छ ।

उनले मोरङको गोठगाउँमा प्रदेश सरकार, पूर्वाञ्चल विश्वविद्यालय र स्थानीय निकायको सहयोगमा एक सय बिघा जग्गामा बहुउद्देश्यीय खेलकूद भवन निर्माण गरिने जानकारी दिए ।

## प्रधानमन्त्री कप भलिबलमा नेपाल पुलिसद्वारा त्रिभुवन आर्मी पराजित

काठमाडौं, २३ जेठ/रासस

विभागीय टोली नेपाल पुलिस क्लबले जारी प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिगको पुरुषतर्फको बुधवार भएको खेलमा अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई पराजित गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा आज भएको खेलमा पुलिसले आर्मीलाई ३–१ सेटमा पराजित गरेको हो ।



तस्वीरः सौजन्य

खेलको पहिलो सेट २५–२७ ले गुमाएको पुलिसले त्यसपछिका तीन सेट आफ्नो पक्षमा पार्‍यो । पुलिसले आर्मीमाथि २६–२४, २५–२१, २५–१८ ले जितेको हो ।

यसअघि पुलिसले सुदूरपश्चिम, बूढानीलकण्ठ र कोशी प्रदेशलाई समान ३–० ले पराजित गरेको थियो । त्यस्तै, आर्मीको भने यो पहिलो हार हो । यसअघि आर्मीले बूढानीलकण्ठ, कोशी, एपिएफ र सुदूरपश्चिमलाई समान ३–० को सेटमा हराएको थियो । पुरुषतर्फ आजै सम्पन्न खेलमा सुदूरपश्चिमले कोशीलाई ३–१ सेटमा पराजित गरेको छ । आजै भएको महिलातर्फको खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले कर्णाली प्रदेशलाई ३–० तथा आर्मीले न्यू डायमन्डलाई ३–२ को सेटमा हराएको थियो ।

# पर्सागढीमा क्षमता विकास कार्यक्रम

बलिराम शुक्ला, बिरुवागुठी, २३ जेठ/

पर्सागढी नगरपालिकामा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूका लागि सञ्जाल गठन तथा क्षमता विकास कार्यक्रम बुधवार सम्पन्न भएको छ ।

पर्सागढी नपा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम शाखाको आयोजनामा भएको कार्यक्रममा वैदेशिक रोजगारमा जानेहरू नठगिऊन् र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरू बेरोजगार नहोऊन् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्रशिक्षक रामाशङ्करप्रसाद कुशवाहाले बताए ।



तस्वीरः प्रतीक

कार्यक्रममा वैदेशिक रोजगारमा जाने र फर्कनेहरूको हकहित तथा संरक्षण गर्न नगरस्तरीय पर्सागढी आप्रवासी सञ्जाल अमीर अन्सारीको अध्यक्षतामा गठन गरिएको छ । सो सञ्जालको उपाध्यक्ष कविराज पौडेल, कोषाध्यक्ष सन्दीपकुमार थारू, सचिव प्रमोद राउत, सहसचिव महिन्द्रराम महरा र सदस्यहरूमा रामबाबू साह, दशैं माझी, रुदल सहनी, जगदीश दास, धर्मेन्द्र सहनी, जयकिसन महरा छन् ।

कार्यक्रममा पर्सागढी स्वास्थ्य शाखा प्रमुख नारायण पौडेल, सामी कार्यक्रम पर्सागढी शाखा प्रमुख चन्द्रकिशोर राय, मनोसामाजिक परामर्शकर्ता अवधेश ठाकुर, रोशन चौधरी, जिरयोधन पटेल, नरेश मण्डललगायतको सहभागिता थियो ।